# अध्याय एक
# शोध परिचय

## अध्ययनको पृष्ठभूमि

निश्चित प्रश्नहरू समावेश भएको शैक्षिक उपलब्धि मापनको साधनलाई परीक्षा भनिन्छ । यहाँ प्रश्नहरू भनेको नै त्यस्ता प्रतिनिधिमूलक उद्दिपकहरु हुन्, जसद्वारा विद्यार्थीहरूमा वाञ्छित सिकाइ उपलब्धि वा व्यावहार हासिल हुन सक्यो सकेन भनी लेखाजोखा गर्न प्रतिक्रिया प्राप्त गरिन्छ । यस्ता प्रतिक्रियाहरू विद्यार्थीहरूले लिखित, मौखिक वा प्रयोगात्मक गरी तिन किसिमबाट व्यक्तगर्न सक्दछ (घिमिरे र निउरे, २०७०, पृ.२) ।

मूल्याङ्कनको भरपर्दो, सरल र व्यावहारिक साधन परीक्षण हो । यो सिकाइ प्रक्रिया र मूल्याङ्कनकै अभिन्न अङ्ग पनि हो । विद्यार्थीले शैक्षिक सत्रभरि अध्ययन गरेको विषयमा के कति कमीकमजोरी थिए ती कमजोरी वा त्रुटिलाई के कति मात्रामा सुधार गरी उपलब्धि हासिल गरे भनी जाँच गर्न निर्माण गरिएका हुन्छन् । जसमा भाषिक सिपको मात्र नभई शैक्षिक मूल्याङ्कनका लागि लिखित प्रश्नकै उपयोग बढी रहेको पाइन्छ । शिक्षण सिकाइ पश्चात् विद्यार्थीहरूले के कति उपलब्धि प्राप्त गर्न सक्यो वा सकेन भनी परीक्षण गर्ने मापन नै प्रश्नपत्र हो । भाषिक मूल्याङ्कनका परिवेशमा प्रश्नपत्र निर्माणलाई एउटा सिद्धान्त वा प्रविधिको रूपमा मानिएको छ । प्रश्नपत्रकै माध्यमद्वारा सिकारूहरूले भाषिक सिप के कति सिके वा सिक्न बाँकी रहेछ भन्ने कुराको लेखाजोखा गर्ने प्रचलन रहेको देखिन्छ । यसरी सम्पूर्ण विषयको मूल्याङ्कन प्रकृति थोर-धेर लिखित प्रणालीमै आधारित देखिन्छ । हालसम्म पनि नेपाली विषयको परीक्षण लिखित परीक्षामा नै आधारित देखिन्छ ।

प्रश्न निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता, विभेदकारिता, व्यावहारिकता जस्ता बाह्य र आन्तरिक गुणले ओतप्रोत भएका शुद्ध, स्पष्ट, निश्चित आयतनयुक्तपूर्ण गुणले युक्त एवम् स्तरयुक्त प्रश्नहरूको निर्माण गर्नु अत्यावश्यक हुन्छ ( पौडेल, २०७०, पृ.९४) ।

अतः मूल्याङ्कन प्रणाली सुरुमा राष्ट्रभरि एकै प्रकारका प्रश्नपत्रका आधारमा गर्ने गरिन्थ्यो तर वि.सं २०५९ पछि यसलाई संशोधन गरी क्षेत्रीय स्तरमा छुट्टै प्रकृतिको प्रश्न

निर्माण गरी प्रयोग गर्न थालियो । यस्तै गरीवि.सं २०६२ सम्म कक्षा ९ र १० का दुबै पाठ्यपुस्तकलाई आधार बनाएर प्रश्नपत्र निर्माण गरिँदै आएकोमा २०६३ देखि कक्षा ८ को पाठ्यपुस्तकलाई मात्र आधार बनाएर प्रश्नपत्र निर्माण गर्न थालिएको देखिन्छ, तर आजसम्म जेजसरी प्रश्ननिर्माण गरिएको भए तापनि सम्बन्धित पक्षले प्रश्नपत्रको विश्लेषण गरी उपयुक्तता र अनुपयुक्तताको आँकलन गरिएको भने पाइँदैन । जहिले पनि प्रश्न निर्माण गर्दा पाठ्यक्रम अनुरूपता भए नभएको साथै पाठ्यांशको प्रकृति, विद्यार्थीको क्षमता, रुचि, स्तर आदिका दृष्टिले उपयुक्त भए नभएको मूल्याङ्कन गरिएको पाइँदैन । प्रश्न सोधाइमै परीक्षा सीमित रहेको पाइन्छ, तसर्थ प्रस्तुत शोधकार्य आधारभूत तह कक्षा ८ को परीक्षा २०७५ मा सोधिएका प्रश्नहरूको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

**समस्याकथन**

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धान विषय बस्तुलाई समस्याको रूपमा प्रस्तुत गरिन्छ । यसरी समस्या भएका विषयवस्तुमा नै अनुसन्धान गरिने भएकाले आवश्यक विषयमा मात्र अनुसन्धान गरिन्छ (राई, २०७२, पृ. १) ।

शोध समस्या समाधान गर्ने प्रक्रिया हो । कुनै पनि अनुसन्धानात्मक कार्यको समस्या पहिचान गरी शोधकार्यलाई निरन्तरता दिनु उपयुक्त मानिन्छ । त्यसकारण हाल आधारभूत तहको कक्षा आठको परीक्षा प्रत्येक नगरपालिका वा महानगरपालिकाले सञ्चालन गर्ने हुँदा प्रत्येक नगर स्तरमा सोधिएका प्रश्नहरूमा एकरूपता छ कि छैन, कठिनाइस्तरका दृष्टिले ठिक छ कि छैनन् भनी समस्याको पहिचान गरेर मात्र अध्ययन गर्नु आवश्यक देखिन्छ । आन्तरिक र बाह्य विशेषताका आधारमा कक्षा आठको महानगर स्तरीय परीक्षा २०७५ सालमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरू के कस्ता रहेका छन? विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू निर्माण गरिएका छन् वा छैनन् ? जस्ता समस्यामा केन्द्रित रहेको छ ।

**शोधको उद्देश्य**

अनुसन्धानका क्रममा उल्लेख गरिएका प्रश्नहरूको स्पष्ट र विशिष्ट समाधान नै उद्देश्य हो (घिमिरे, २०७०, पृ. २३१) । प्रस्तावितशोधका उद्देश्यहरू निम्नलिखितरहेका छन् :

क) आन्तरिक र बाह्य विशेषताका आधारमा २०७५ सालको कक्षा आठको परीक्षामा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको विश्लेषण गर्नु,

ख) विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्नु,

ग) काठमाडौँ र पोखरा महानगरपालिका क्षेत्रका प्रश्नहरूको तुलना गर्नु ।

**अनुसन्धान प्रश्नहरू**

प्रस्तुत शोधका अनुसन्धान प्रश्नहरू निम्नानुसार रहेका छन् :

क) आन्तरिक र बाह्य विशेषताका आधारमा २०७५ सालको कक्षा आठको परीक्षामा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरू के कस्ता रहेका छन् ?

ख) विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नहरू निर्माण गरिएका छन् वा छैनन् ?

घ) काठमाडौँ र पोखरा महानगर क्षेत्रका प्रश्नहरूको बिचमा के कस्तो भिन्नता रहेको छ ?

**अध्ययनको औचित्य**

कुनै पनि शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरूले के कति उपलब्धि हासिल गरे भनी मापन गर्ने प्रमुख साधनको रुपमा प्रश्नपत्र रहेको हुन्छ, तसर्थ प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाको निर्माण, प्रश्नलेखन, पूर्वपरीक्षण गर्नुपर्ने हुन्छ । त्यस्तै विश्वसनीयता, वैधता, विभेदकारिता, व्यापकता, व्यावहारिकता जस्ता आन्तरिक र बाह्य विशेषताहरूमा ख्याल गर्नुपर्छ । यसकारण परीक्षामा सोधिने प्रश्नहरूसैद्धान्तिक दृष्टिले उपयोग छ कि छैन ? प्रश्नहरू विशिष्टीकरण तालिकाका आधारमा निर्माण गरिएका छ कि छैन ? प्रश्नहरूमा एकरूपता छन् कि छैन ? त्यस्तै प्रश्नहरूमा विश्वसनीयता, वैधता, विभेदकारिता जस्ता गुणहरू छन् कि छैन? भन्ने विषयमा यो शोधपत्र केन्द्रित भएकाले यो अध्ययन महत्त्वपूर्ण रहेको छ ।त्यस्तै प्रश्नपत्र निर्माण गर्दा के कसरी गर्ने भन्ने विषयमा प्रश्न निर्माणका क्षेत्रमा काम गर्ने सबै व्यक्तिलाई यसले सहयोग पुऱ्याउँछ । यसबाट प्रश्न निर्माणकर्तालाई प्रश्न लेखनका आवश्यक चरणहरू अवलम्बन गरी के कसरी प्रश्न लेखन गर्ने भन्ने कुरामा आवश्यक सहयोग पुऱ्याएको छ ।

समग्रमा प्रश्नहरू पाठ्यक्रमअनुरूप छन् वा छैनन् ? विशिष्टीकरण तालिकाको आधारमा निर्माण गरिएका छन् वा छैनन् ? प्रश्नहरू भाषिक सिप परीक्षणका लागि उपयोगी छन् वा छैनन् ? भनी प्रश्नहरूको अध्ययन गर्न पनि यो अनुसन्धान औचित्यपूर्ण रहेको छ । त्यस्तै प्रश्नमा प्रयोग गरिने भाषा, विद्यार्थीको स्तर, व्यावहारिकता, व्यापकता, प्रश्नको कठिनाइस्तर जस्ता कुराहरूको अध्ययन, विश्लेषण गर्न पनि यो अध्ययनको औचित्य रहेको छ ।

## अध्ययनको सीमाङ्कन

कुनै पनि अनुसन्धानकार्यका लागि सम्भाव्य विविध क्षेत्रहरूलाई समेटेर अध्ययन गर्न समय, स्रोत, साधन र जनशक्तिको अभाव हुन सक्दछ । त्यसकारण जुनसुकै अध्ययनको निश्चित क्षेत्र र सीमा नतोकिएसम्म अध्ययन सहि मार्गमा अगाडि बढाउन सकिँदैन । यसकारण प्रस्तुत शोधपत्र निम्नलिखित सीमाङ्कनमा आधारित रहेकोछ :

क) प्रस्तुत शोध आधारभूत तह कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूको अध्ययनमा केन्द्रित गरिएको छ ।

ख) प्रश्न निर्माणको बाह्य विशेषताका आधारमा निर्देशन, अङ्कनविभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप र भाषामा सीमित रही दुई ओटा प्रश्नपत्रको तुलना गरिएको छ ।

ग) आन्तरिक विशेषताका आधारमा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्षहरूमा सीमित रही दुईओटा महानगर स्तरीय प्रश्नको तुलना गरिएको छ ।

घ) विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूनिर्माण भए नभएको अध्ययन गर्नमा सीमित रहेको छ ।

## शोधको रूपरेखा

प्रस्तुत अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : आन्तरिक र बाह्य आधारमा भाषिक प्रश्नहरूको विश्लेषण

अध्याय पाँच : विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण

अध्याय छ : महानगर स्तरका प्रश्नपत्रको तुलनात्मक अध्ययन

अध्याय सात : निष्कर्ष र उपादेयता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको पुनरावलोकन

साहित्यको पुनरावलोकनमा आफ्नो अनुसन्धान समस्यासँग सम्बन्धित जानकारीहरूभएका प्रकाशित वा अप्रकाशित सामग्रीहरूपहिचान र विश्लेषण गरिन्छ । यस कार्यको प्रमुख उद्देश्य नै आफ्नो अध्ययनसँग सम्बन्धित विषयमा पहिले नै के कस्ता खोजी कार्य भएका छन् ? के कस्ता कार्य गर्न बाँकी छन् भनी पहिचान गर्नु हो (खनाल, २०७४, पृ.३०) । यसरी आफ्नो शीर्षकसँग सम्बन्धित भएका पूर्वकार्यले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, अध्ययनको औचित्य पुष्टि गर्न, विधि, प्रक्रिया छनोट गर्न मार्गनिर्देश गर्दछ । प्रस्तुत शीर्षकसँग सम्बन्धित विभिन्न विद्वानहरूद्वारा प्रकाशित गरिएका प्रश्नपत्रसम्बन्धी पुस्तक, पत्रपत्रिका, लेख, शोध प्रतिवेदनको पुनरावलोकन निम्नानुसार गरिएको छ :

## पुस्तकसम्बन्धी पुनरावलोकन

ढकाल र अन्य (२०६५) द्वारा प्रकाशित पुस्तकमा प्रश्नपत्र निर्माण कार्यमा स्तरीयताको आवश्यकता जस्ता कुरा उल्लेख गरेका छन् । अर्कातिर प्रश्नपत्र निर्माता, परीक्षक र सम्परीक्षकहरूलाई समयसापेक्ष तालिमको अवसर नभएकाले प्रश्नपत्रहरूमा एकरूपता र विश्वसनीयता आउन नसकेको कुराको चर्चा गरिएको छ । उक्त पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनलाई प्रश्नपत्र निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरूको बारेमा आवश्यक सैद्धान्तिक आधार प्राप्त हुने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

पराजुली र अन्य (२०६६), द्वारा प्रकाशित पुस्तकमा प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिका निर्माण, प्रश्न लेखन, प्रश्नहरूको सम्पादन, निर्देशन, परीक्षा सञ्चालन, नतिजाको व्याख्या के कसरी गर्ने भन्ने कुरालाई उल्लेख गरिएका छन् । त्यस्तै विषयगत वैधता, प्रश्नको कठिनाइस्तर, विभेदीकरण सूचक, विकल्पको प्रभावकारिता, विश्वसनीयता जस्ता कुराहरूको बारेमा पनि उल्लेख गरिएको पाइन्छ । साथै परीक्षाको लम्बाइ, मानाङ्कन, परीक्षा प्रशासनसम्बन्धी आवश्यक चर्चा गरिएको छ । उक्त सैद्धान्तिक आधार प्राप्त हुने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

भट्टराई (२०६८) द्वारा व्यक्तिको भाषिक उपलब्धि, विषयगत दक्षता, त्रुटि पहिचान, त्रुटि विश्लेषण आदि कुराको मूल्याङ्कन अध्ययन विश्लेषण गर्न प्रश्नहरूको उपयोग गरिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । सामान्यतः यसका लागि मौखिक, लिखित र प्रयोगात्मक तिनै प्रकारका परीक्षणीय वस्तुको आधारमा प्रश्नहरू निर्माण गर्न सकिन्छ र यस पुस्तकमा मौखिक भाषिक क्षमता अध्ययनको लागि संवाद, चित्रवर्णन, उच्चारण, छलफल, भाषण, प्रवचन जस्ता सम्बन्धित प्रश्नहरू निर्माण गर्न सकिन्छ । उक्त अनुच्छेदले प्रस्तावित शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा मूल्याङ्कनको परिचय र प्रविधिअन्तर्गत भाषिक मूल्याङ्कनको प्रयोजन भाषिक मूल्याङ्कनका सिद्धान्तहरू, मूल्याङ्कन परिपाटी, प्रकार, उपाय तथा प्रचलित युक्ति मूल्याङ्कनमा पश्चमार्जन प्रभाव, विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग प्रश्न निर्माणका चरण, अभ्यास, विषयगत र बस्तुगत प्रश्नहरूको चर्चा गरी विश्लेषण गरिएका छन् । यस अध्ययनबाट प्रश्नपत्रहरूको विश्लेषण गर्नेमा प्रयाप्त सहयोग पुऱ्याइएको छ ।

खनाल (२०७४) द्वारा प्रश्नहरू निर्माणका क्रममा सरल भाषामा दोहोरो अर्थ नलाग्ने गरी निर्माण गर्नु, दुई नकरात्मक क्रियापद प्रयोग नगर्ने, सबै उत्तरदातालाई उपयुक्त हुने गरी प्रश्नहरूः लेख्नुपर्ने, आवश्यकताभन्दा लामो प्रश्न निर्माण नगर्ने, प्रश्नहरूको सङ्गठन, प्रश्नको पूर्वपरीक्षण, प्रश्नहरूको अन्तिम परिमार्जन, छपाइ जस्ता तत्त्वहरूको अध्ययन र विश्लेषण गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । यसले प्रश्नपत्र विश्लेषणमा सहयोग गर्ने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

खनाल र अन्य (२०७५) द्वारा प्रकाशित पुस्तकमा स्तरीकृत परीक्षाको अवधारणा उपयोग र विशेषता उल्लेख गर्दै प्रश्नलेखन, प्रश्नहरूको मिलान, प्रश्नहरूको पुनरावलोकन र सम्पादन, परीक्षाको परीक्षण, प्रश्नको विश्लेषण, परीक्षा सञ्चालन गर्दा अपनाउनु पर्ने चरणगत प्रक्रियाहरूको क्रमबद्ध विश्लेषण गरेका छन् । यस अध्ययनबाट प्रश्नपत्रको निर्माण गर्न विशेष सहयोग पुग्ने देखिन्छ ।

आचार्य (२०७६/०७७) द्वारा प्रश्नपत्रसम्बन्धी चर्चा गरेका छन् । उक्त पुस्तकमा प्रश्नपत्रले सबै पाठ वा उद्देश्यको प्रतिनिधित्व गर्न सकेमा त्यसमा विषयगत बैधता रहेको र विशिष्टीरण तालिकाको निर्माणले विषयगत वैधता सुनिश्चित गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अगाडि बढाउन सहयोग गरेको पाइन्छ । यसले प्रस्तावित शोधको सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

भुसाल र अन्य (२०७६) द्वारा प्रकाशित पुस्तकमा विशिष्टीकरण तालिका र प्रश्न निर्माण शिल्पअन्तर्गत प्रश्न निर्माणका क्रममा प्रश्न योजना, विषय क्षेत्र चयन, लेखन/टङ्कन, पूर्वपरीक्षण, मानकीकरण जस्ता चरणहरूको अवलम्बन गर्नुपर्ने कुराको चर्चा गरेका छन् । उक्त पुस्तकले प्रस्तावित शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

**शोधसम्बन्धी पुनरावलोकन**

पौडेल (२०५२) द्वारा 'जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषा विषयक प्रश्नहरूको विश्लेषण' शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य प्रश्न निर्माणका सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारहरू पहिचान गर्नु, बाह्य र आन्तरिक आधारका दृष्टिले जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा आठका नेपाली भाषाका प्रश्नहरूको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्नु, प्रश्न निर्माणमा देखापरेका कमजोरीहरूको तुलनात्मक र सैद्धान्तिकविश्लेषण गर्नु र रहेको छ । यस शोधपत्रमा क्षेत्रीय विधिद्वारा सामग्री सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित उक्त शोधपत्रमा प्रश्नपत्रमा दिइएको निर्देशन अस्पष्ट र त्रुटिपूर्ण रहेको, प्रश्नहरूमा एकरूपता नभएको, पूर्णाङ्क र समय निर्धारणमा विविधता रहेको, प्रश्नहरूको प्रस्तुति अनुक्रम अवैज्ञानिक रहेको र प्रश्नपत्र निर्माणमा पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरिएको जस्ता निष्कर्षहरू दिँदै सुझाउहरू पेस गरेको छ । उक्त शोध कार्यबाट प्रश्न निर्माण गर्दा प्रश्नहरू त्रुटिरहित हुनुपर्छ भन्ने कुराले गर्दा यो अध्ययनको आधारको रूपमा लिइएको छ ।

शाह (२०६५) द्वारा 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य प्रश्न निर्माणमा सैद्धान्तिक आँकलन गर्ने प्रश्नपत्रका आन्तरिक र बाह्य विशेषताका आधारमा प्रतिनिधि प्रश्नपत्रको सैद्धान्तिक अध्ययन गर्नु, प्रश्नपत्रलाई पाठ्यक्रम तथा पाठ्य पुस्तकका अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरे/नगरेका प्रश्नपत्र सुधारका लागि आवश्यक सुझाउहरू दिनु रहेका छन् । यस शोधपत्र पुस्तकालयीय विधिको प्रयोग गरेर यस शोधकार्य सम्पन्न भएको पाइन्छ । प्रस्तुत शोधकार्यको निष्कर्ष कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नको अध्ययनले विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएकाले प्रश्नपत्रको स्तरीयता र विश्वसनीयता रहेको पाइन्छ । उक्त शोधकार्यबाट प्रश्न निर्माण गर्दा केके कुरामा ध्यान दिनुपर्छ भन्ने कुराको जानकारी दिएकाले अध्ययनको आधार बनाइएको छ ।

उप्रेती (२०६८) द्वारा 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६६ मा प्रयोग गरिएका प्रश्नहरूको अध्ययन' नामक शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधमा नेपाली भाषा विषयक प्रश्न निर्माणका सैद्धान्तिक आधारका साथै आन्तरिक र बाह्य आधारमा प्रश्नको अध्ययन गरी प्रतिनिधि प्रश्नहरूको तुलनात्मक अध्ययन समेत गरेका छन् । क्षेत्रीय सामग्री सङ्कलन विधिद्वारा पाँच जिल्लाबाट प्रतिनिधि प्रश्नपत्रहरू सङ्कलन गरी पुस्तकालयीय विधि प्रयोग गरी अनुसन्धान पुरा गरिएको छ । विभिन्न जिल्लाका प्रश्नहरूको शीर्षकमा एकरूपता नभएको, प्रश्नहरूमा वर्णविन्यासगत त्रुटि पाइएको नेपाली भाषाको प्रश्नपत्रमा अङ्ग्रेजी शब्दको प्रयोग गरिएको, प्रश्नहरू पाठ्यक्रम अनुरूपता नभएको,विशिष्टीकरण तालिकालाई प्रयोग नगरिएको जस्ता निष्कर्ष निकाल्दै उक्त कमजोरीहरू सुधारका लागि सुझाउहरू पेस गरिएको छ ।

थापा (२०६८) द्वारा 'उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका पुराना र नयाँ पाठ्यक्रमअनुसार निर्माण गरिएका प्रश्नपत्रहरूको तुलनात्मक र विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य उच्च मा.वि तह अनिवार्य नेपाली विषयको २०६७ र २०६८ का प्रश्नहरूको सैद्धान्तिक आधारमा अध्ययन गर्ने प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्ने, अध्ययनका आधारमा सवल र दुर्वल

पक्षहरू पहिचान गरी सुधारका लागि आवश्यक सुझाउहरू दिने उद्देश्यमा केन्द्रित रहेको छ । मूलतः पुस्तकालयीय विधिद्वारा तयार पारिएको प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका रूपमा सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा स्तरीय एवम् प्रश्न निर्माणका लागि आवश्यक सुझाउहरू प्रस्तुत गरिएकाले अध्ययनको आधार बनाइएको छ ।

श्रेष्ठ (२०६९) द्वारा 'एस.एल.सी. पूर्व योग्यता परीक्षामा निजी तथा सरकारी विद्यालयहरूले प्रयोग गरेका नेपाली प्रश्नहरूको तुलनात्मक अध्ययन' नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधमा सरकारी र निजी विद्यालयहरूले प्रयोग गरेका नेपाली विषयका प्रश्नहरूको सैद्धान्तिक आधारमा अध्ययन गर्ने प्रतिनिधि प्रश्नहरूको तुलनात्मक अध्ययन गर्ने, अध्ययनका आधारमा सबल र दुर्बल पक्षहरू पहिचान गरी सुधारका लागि आवश्यक सुझाउ जस्ता उद्देश्यमा केन्द्रित छ । उक्त अध्ययन पुस्तकालयीय विधिमा आधारित आधारित भई प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तयार पारिएको छ । प्रस्तुत शोधकार्यको निष्कर्ष नेपाली भाषाको प्रश्नपत्रमा अङ्ग्रेजी भाषामा निर्देशन दिनु, विकल्पको सङ्ख्या विविधता हुनु, एउटै प्रश्नलाई दुई पृष्ठमा राखिनु, प्रश्नहरू पाठबाट हुबहु सारिनु, प्रश्नपत्रमा भाषागत त्रुटि रहनु, विश्वसनीयता र वैधताको कमी रहनु जस्ता निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनबाट प्रश्न निर्माणमा ख्याल गर्नुपर्ने कुराहरूको स्पष्ट जानकारी दिएकाले अध्ययनको आधार बनाइएको छ ।

थापा (२०७२) द्वारा 'अनिवार्य नेपाली विषयमा पुराना र नयाँ प्रश्नहरूको तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । स्नातक तह नेपाली विषयको पुराना र नयाँ प्रश्नहरूको सैद्धान्तिक आधारमा आँकलन गर्न, विशिष्टीकरण तालिकाको आधारमा पुराना र नयाँ पाठ्यक्रममा आधारित प्रश्नको अध्ययन गर्ने उद्देश्यमा यो शोधकार्य पुरा भएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेर तयार पारिएको छ । यस अध्ययनले प्रश्न निर्देशन स्पष्ट नभएको पाठ्यक्रम अनुरूपताका प्रश्नहरु भाषिक दृष्टिले समेत कमजोर प्रकृतिका प्रश्नहरू रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट पाठ्यक्रमअनुसार भाषिक सिपको प्रतिनिधित्व गर्ने प्रश्न निर्माणमा जोड दिएकाले अध्ययनको आधार बनाइएको छ ।

जैसी (२०७३) द्वारा कक्षा आठको जिल्लास्तरीय परीक्षाका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ । प्रश्नहरूविशिष्टीकरण तालिकाका आधारमा र प्रश्नहरूको समानता र भिन्नताहरू पहिल्याउने उद्देश्यले यो शोधकार्य पुरा भएको छ । पुस्तकालयीय अध्ययनमा आधारित उक्त शोधकार्यले प्रश्नहरूसमान तहका तर क्रमसङ्ख्या नमिलेको, लामो उत्तर दिने प्रश्नमध्ये दुवै एउटै विधाबाट राखिएको आदि निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनबाट प्रश्न निर्माण गर्दा कुनकुन विधालाई सीमाङ्कन गर्ने भन्ने बारेमा उपयुक्त मार्ग प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

पोखरेल (२०७३) द्वारा 'कक्षा नौको वार्षिक परीक्षा २०७३ सामुदायिक तथा संस्थागत विद्यालयमा उपयोग गरिएका प्रश्नपत्रको तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारेका छन् । यस शीर्षकसँग सम्बन्धित उद्देश्यहरू प्रश्नपत्र निर्माणका बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन गर्नु, विशिष्टीकरण तालिकाका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयमा सोधिएका प्रश्नहरूमा एकरूपताको स्थिति पहिल्याउनु आदि रहेका छन् । पुस्तकालयीय विधिको अध्ययनबाट शोधकार्य अगाडि बढाएको छ । उक्त शोधपत्रमा प्रत्येक प्रश्नको समय उल्लेख नगरिनु, उत्तीर्णाङ्क नखुलाइनु जस्ता पक्षहरू कमजोरीको रूपमा देखाइएको छ, भने अन्य पक्षमा कमजोरी नरहेको भनी निष्कर्ष निकालिएको छ । यस शोधपत्रको उद्देश्यमा केही मात्रामा मिल्ने कुरा भएको हुनाले शोधकार्य अगाडि बढाउनमा केही सहयोग पुऱ्याएको छ । विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण गर्दा कुन विधाबाट कति प्रश्न र कति अङ्कको प्रश्न सोध्ने भन्ने कुराको स्पष्ट रूपमा जानकारी पाउन सकिन्छ ।

शर्मा (२०७४) द्वारा 'माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको तुलनात्मक अध्ययन'शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधको उद्देश्य माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरूको विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण गर्नु, उक्त प्रश्नहरूको सैद्धान्तिक आधारमा अध्ययन गर्नु र प्रत्येक विकास क्षेत्रका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । प्रस्तुत अध्ययनमा विशेष गरी तुलनात्मक विधि र पुस्तकालयीय विधिलाई मुख्य विधिका रूपमा प्रयोग गरिएको छ । यस्तै पाठ्यक्रमले निर्देश गरेअनुरूप प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरूमा पाठ्यक्रमअनुरूप उद्देश्य,

विधा, क्षेत्र, पाठ्यक्रमको अङकभार तथा समय र भाषिक पक्षको सन्तुलन र संयोजनका दृष्टिले उपयुक्त रहेका छन्, भने प्रश्नहरूमा हुनुपर्ने गुणअन्तर्गत विश्वसनीयताका दृष्टिले प्रश्नहरूकेही कमजोर देखिए तापनि अन्य दृष्टिले आन्तरिक आधारमा प्रश्नहरू उपयुक्तरहेको निष्कर्ष निकालिएको छ । यसले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माण गर्न आधार प्रदान गरेको छ ।

ओझा (२०७५) द्वारा 'कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधमा बाह्य र आन्तरिक आधारमा २०७४ सालको परीक्षामा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरूको विश्लेषण गर्नु, विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्नु र नगर स्तरका प्रश्नहरूको तुलना गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीयक स्रोतका आधारमा गरिएको छ । कक्षा आठको वार्षिक परीक्षा २०७४ मा सोधिएका नेपाली विषयको प्रश्नपत्रहरू कैलाली जिल्लाका चार ओटा नगरपालिकाबाट चार ओटा प्रश्नपत्र लिइएको छ, जसलाई प्राथमिक स्रोत मानिएको छ । त्यस्तै प्रश्न विश्लेषणसम्बन्धी पाठ्यपुस्तक, पाठ्यक्रम, शोधपत्र, लेखरचना आदिलाई द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । भने समग्रमा प्रश्नपत्रहरू मध्यमस्तरको रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनबाट प्रश्न निर्माणमा ख्याल गर्नुपर्ने कुराहरूको स्पष्ट जानकारी दिएकाले अध्ययनको आधार बनाइएको छ ।

जोशी (२०७५) द्वारा 'माध्यमिक शिक्षा परीक्षा २०७४ मा सोधिएका प्रश्नपत्रको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा माध्यमिक शिक्षा परीक्षा २०७४ मा सोधिएका प्रश्नहरूको विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्नु, उक्त प्रश्नपत्रमा रहेको एकरूपताको स्थिति पहिल्याउनु तथा बाह्य र आन्तरिक आधारमा उक्त प्रश्नहरूको विश्लेषण जस्ता प्रमुख उद्देश्य रहेका छन् । यो अध्ययन पुस्तकालयीय विधिमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा प्रत्येक विकास क्षेत्रअनुसार फरक फरक प्रश्न निर्माण गर्ने भने तापनि मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलमा प्रश्नपत्रमा भिन्नता नरहेको, विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिएको, पाँच ओटै विकास क्षेत्रका प्रश्नहरूमा ज्ञान, बोध, व्यावहारिक सिप र उच्च दक्षता जस्ता गुण भएका प्रश्नहरू सोधिएको निष्कर्ष निकालिएको

छ । यसकारण यस शोधपत्रको अध्ययनले असल प्रश्नको पहिचान गर्न आधार प्रदान गरेकाले यसलाई अध्ययनको आधारको रूपमा लिइएको छ ।

श्रेष्ठ (२०७५) द्वारा 'कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नपत्रको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । यस शोधमा भाषिक निर्माणका आधारमा कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन गर्नु, वैधता र विश्वसनीयताका आधारमा निर्दिष्ट प्रश्नहरूको अध्ययन विश्लेषण गर्नु, विशिष्टीकरण तालिकाको आधारमा प्रयुक्त प्रश्नको अध्ययन गर्नु, प्रयुक्त प्रश्नका सबल र दुर्बल पक्षहरू छुट्याउनु, प्रश्न निर्माणमा रहेका कमीकमजोरी पहिचान गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । पुस्तकालयीय विधिद्वारा तयार पारिएको प्रस्तुत शोधपत्रमा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरी वर्णनात्मक र विश्लेषणात्मक रूपमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रश्नपत्रमा निर्देशन नदिइनु, भाषाका चार ओटै सिपको परीक्षण गर्न सक्ने क्षमता प्रश्नमा नहुनु, प्रश्न निर्माणमा विशिष्टीकरण तालिकाको उपयोग नगरिनु जस्ता कमजोर पक्ष रहेको निष्कर्ष निकालिएको छ । यसबाट प्रश्नपत्र निर्माणमा आवश्यक सहयोग पुग्ने भएकाले यसलाई अध्ययनको आधार बनाइएकोछ ।

माथि उल्लेखित शोधपत्र अध्ययनका आधारमा प्रस्तुत शोधकार्यमा प्रश्नपत्र निर्माणका चरणगत प्रक्रिया र ध्यान दिनुपर्ने कुराहरूको आदिको परिचयसहित कक्षा आठको २०७५ सालको नेपाली विषयको प्रश्नपत्रको विश्लेषण गरिएको छ । यसकारण यसबाट प्रश्न निर्माण र प्रश्नको उपयुक्तता विश्लेषण गर्न महत्त्वपूर्ण आधार मिल्ने देखिन्छ ।

**सैद्धान्तिक अवधारणा**

कुनै पनि बस्तुमा रहेको गुण, दोष, मूल्य वा विशेषताको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । मूल्य + अङ्क + अन मिलेर बनेको मूल्याङ्कन शब्दले कुनै पनि वस्तु, घटना वा कार्य विवरणको उचित मूल्य निर्धारण गर्नु भन्ने अर्थ बुझाउँछ (ओझा, २०७५, पृ. १०) । विद्यार्थीका सिकाइसँग सम्बन्धित जानकारी प्राप्त गर्न प्रयोग गरिने सबै प्रकार, विधि र तिनीहरूबाट प्राप्त जानकारीका आधारमा सिकाइको गुणस्तर लेखाजोखा गरिन्छ, जसलाई मूल्याङ्कन भनिन्छ । शैक्षिक क्षेत्रमा त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाका

आधारमा जाँच लिई विद्यार्थीहरूको सिकाइमा के कति उपलब्धि भयो त्यसको लेखाजोखा गरिन्छ र आवश्यक पृष्ठपोषण दिन मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

Murry Printले "मूल्याङ्कनलाई तोकिएका सिकाइ हासिल भए नभएको निर्णय गर्न मापनबाट प्राप्त तथ्याङ्कलाई यथोचित विवेचना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरेका छन्" (खनाल र अन्य, २०७१, पृ.७) । यसबाट के प्रष्ट हुन्छ भने शिक्षा प्रणालीमा प्रवेशात्मक मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन र बाह्य मूल्याङ्कन अपनाइए पनि विद्यार्थीको स्तर उन्नतिमा बाह्य मूल्याङ्कनलाई केन्द्रित गरिन्छ । अतः मूल्याङ्कन एउटा चक्रिय प्रक्रिया हो ।

भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँग जोडिएको हुन्छ । "भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण भएकाले भाषिक मूल्याङ्कन पनि भाषिक सिपको अपेक्षासितै शिक्षणको अभिन्न अङ्ग बनेको हुन्छ । भाषिक मूल्याङ्कन मूलतः भाषा चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा केन्द्रित हुन्छ (शर्मा र पौडेल, २०७०, पृ. २६१) । यसको मूल ध्येय भनेको विद्यार्थीहरूको भाषिक क्षमता निर्धारण तथा आँकलन गर्नुका साथसाथै शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशको कठिनाइस्तर पत्ता लगाउनु, शिक्षण सिकाइका क्रममा देखिएका जटिल समस्याहरू पहिचान गरी त्यसका उपचारात्मक उपाय सुझाउनु पनि रहेको छ । भाषिक मूल्याङ्कन भन्नाले निर्दिष्ट सामग्रीको अध्ययन पश्चात् त्यसको लेखाजोखा गरिने प्रक्रिया हो (लामिछाने, २०६४, पृ. १९७) । यसले उद्देश्य पूर्तिमा सहयोग पुग्यो वा पुगेन भन्ने कुराको ठहर गर्दछ । मूल्याङ्कन प्रक्रियाले विद्यार्थी भाषिक सिप ग्रहण गर्न सके नसकेको थाहा पाउन सकिन्छ । कुनै खास तह सम्पन्न गर्नका लागि आवश्यक मानिने भाषिक मूल्याङ्कनले उक्त तहको उद्देश्य पुर्ति गर्न सहयोग पुग्यो वा पुगेन भन्ने कुरा बुझ्न सकिन्छ ।

सामान्यतया भाषिक मूल्याङ्कनका लागि परीक्षा एक अनिवार्य सर्तको रूपमा लिने गरिन्छ । परीक्षा लिखित, मौखिक र प्रयोगात्मक गरी तीन किसिमका हुन्छन् । हाल उपर्युक्त परीक्षामध्ये प्रयोगात्मक परीक्षा पनि प्रचलितमा रहेको पाइन्छ । लिखित परीक्षाको प्रश्नपत्रमा बस्तुगत र विषयगत गरी दुई प्रकारका प्रश्नहरू समेटिएका हुन्छन् ।बस्तुगत प्रश्नअन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने तथा बहुवैकल्पिक प्रश्नहरू पर्दछन्,

भने विषयगत प्रश्नअन्तर्गत निबन्धात्मक प्रश्न तथा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू समावेश गरिएका हुन्छन् । यस्ता प्रश्नहरू विद्यार्थीको स्तर, क्षमता, रूचि, आवश्यकता आदिलाई आधार मानेर निर्माण गर्नुपर्दछ । यी प्रश्नहरू दोहोरो अर्थ नलाग्ने, स्पष्ट, वैज्ञानिक, व्यवस्थित, बस्तुनिष्ठ तथा विश्वसनीयता, वैधता, व्यवहारिकता, विभेदकारिता जस्ता गुणहरूले युक्त हुनुपर्दछ (जोशी, २०७५, पृ. १४) । यस्तै शैक्षिक क्षेत्रमा मूल्याङ्कनलाई नभई नहुने अङ्गका रूपमा लिइन्छ (कुँवर, २०६७, पृ. १७३) ।यसको अर्थ मूल्याङ्कनले शैक्षिक क्षेत्रमा देखा परेका राम्रा नराम्रा पक्षहरूलाई केलाई राम्रा पक्षलाई प्रोत्साहित गर्ने तथा नराम्रा पक्षहरूलाई क्रमशः हटाउँदै लैजाने कार्य गर्दछ ।

समग्रमा भाषिक मूल्याङ्कन जहिले पनि विद्यार्थी, शिक्षक, पाठ्यक्रम र शैक्षिक कार्यसँग सम्बन्धित हुन्छ । त्यसैले शिक्षण कार्यसँग सम्बन्धित सम्पूर्ण पक्षका त्रुटिहरूको निराकरण गर्दै रचनात्मक एवम् निर्णयात्मक पथ प्रदर्शन गर्न सहयोग पुऱ्याउनका लागि निरन्तर प्रक्रियाका रूपमा मूल्याङ्कनलाई लिइन्छ ।

**प्रश्न निर्माण र विश्लेषणका बाह्य आधार**

प्रश्नहरूको निर्माण भनेको प्रश्नावलीको निर्माण हो । विशेषीकरण तालिकामा विषयगत पाठ, पाठको व्यावहारिक उद्देश्य र प्रश्न संकेत तयार गरिसकेपछि त्यही तालिकाअनुसार प्रश्न निर्माण गर्नुलाई यहाँ प्रश्नहरूको निर्माण भनिएको हो (शर्मा, २०७०, पृ. २७८) । यसरी प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्रका थुप्रै त्रुटिहरू रहेका हुन सक्छन् । जस्तै : प्रश्नहरूमा छपाईका गल्तीहरू, निर्देशनका कमीकमजोरीहरू, प्रश्नपत्रको सङ्ख्या धेरै वा थोरै अङ्क विभाजन वा समय निर्धारणमा छुटेका कुराहरू प्रश्नपत्र ज्यादै गाह्रो वा ज्यादै सरल जस्ता विभिन्न पक्षमा त्रुटि हुन सक्दछन् । त्यसैले प्रश्न निर्माणमा गर्नुपूर्व प्रश्नहरूको विशिष्टीकरण तालिका निर्माण गरी त्यही विशेष तालिकाका आधारमा गरिनु उपयुक्त हुन्छ । विशेष गरेर विशिष्टीकरण तालिकामा सामान्यतया पाठ्यबस्तु, पाठ्यबस्तुको विशिष्ट उद्देश्य, प्रश्नका प्रकार, सङ्ख्या र अंकभार समावेश भएका हुन्छन् । यस कुराहरूलाई नछुटाई प्रश्न सङ्ख्या निर्माण गर्नुपर्दछ । प्रश्नपत्र निर्माण कार्य राम्रो भएमा विद्यार्थीका शैक्षिक उपलब्धि मापन पनि प्रमाणिक, विश्वसनीय र वैध हुन जान्छ । यसका निम्ति प्रश्नपत्र निर्माण, परिमार्जन जस्ता कुरामा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

यसकारण प्रश्नपत्रलाई प्रकाशित गर्नुपूर्व प्रश्नपत्रलाई स्तरीय, गुणात्मक र विकसित बनाउन गरिने सम्पूर्ण कार्यहरूलाई प्रश्नपत्र विश्लेषण भनिन्छ । परीक्षामा सोधिएका प्रश्नहरू कस्ता भए ? प्रश्नहरूमा के कस्ता त्रुटिहरू छन् ? के कस्ता त्रुटिहरूको सुधार गर्नु पर्दछ ? प्रश्नहरूको कठिनाइस्तर कस्तो छ ? प्रश्नहरूका बिचको विभेदीकरण कस्तो छ ? भनी पत्ता लगाउनका लागि प्रश्नपत्रको विश्लेषणको आवश्यकता पर्दछ (शर्मा, २०७०, पृ. ३४८) ।

प्रश्न निर्माणका बाह्य आधार भन्नाले प्रश्नका आकार, प्रकार र स्वरूप भन्ने बुझिन्छ । प्रश्न निर्माणको बाह्य आधारले प्रश्नपत्रको आकृतिगत वैधता कुन हदसम्म कायम गर्न सकियो भन्ने कुराको अध्ययन गर्दछ । प्रश्नपत्र मानक, स्तरीय, आकर्षक, सफा, र स्पष्ट भएमा मात्र प्रश्नको बाह्य आधार प्रभावकारी हुन्छ, जस्तैः प्रश्नको ठाउँ छोडाइ, कागजको स्तर, निर्देशन, अङ्कविभाजन, प्रस्तुति अनुक्रम, स्वरूप, भाषा आदि पक्षको समेत विश्लेषण गरिन्छ । प्रश्नपत्रको बाह्य आकृति स्वच्छ, स्पष्ट, आकर्षक र स्तरयुक्त भएन भने त्यसको आन्तरिक पक्ष पनि कमजोर हुन सक्छ र त्यसले परीक्षणलाई निरर्थकता र अवैधतातिर मोड्न सक्दछ (पौडेल, २०७०, पृ. ११०) । जसले गर्दा विद्यार्थीका सिकाइ उपलब्धि र शैक्षिक प्रक्रियाको सही मापन हुन सक्दैन । त्यसैले प्रश्न निर्माण गर्दा बाह्य आधारलाई ध्यान दिनु महत्त्वपूर्ण मानिन्छ । यसअन्तर्गत पाँच कुराहरूलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ :

**निर्देशन**

कुनै पनि प्रश्नको उत्तर के दिने, कसरी दिने र कति दिने भन्ने कुराको आशय, प्रक्रिया वा सीमा नै निर्देशन हो । यसै प्रश्नका निर्देशनहरू हेरेर विद्यार्थीहरूले प्रत्येक प्रश्नका उत्तर दिन्छन् । यसभित्र सरलता, स्पष्टता, शुद्धता जस्ता विशेषता हुनु आवश्यक हुन्छ । निर्देशनअन्तर्गत शीर्ष निर्देशन, प्रश्नगत निर्देशन, समय निर्देशन, अंक निर्देशन, पृष्ठ निर्देशन र विकल्प निर्देशन जस्ता कुराहरू पर्छन् ।

**अङ्क विभाजन र समय निर्धारण**

कुनै पनि प्रश्नपत्रमा अङ्कविभाजन र समय निर्धारणको आवश्यकता पर्दछ । अङ्क र समयको असन्तुलनले उत्तर दियाइको सघनता र सङ्गठनमा परीक्षार्थीहरूलाई प्रत्यक्ष प्रभाव पार्न सक्छ र अपेक्षित उपलब्धिस्तर र सिप प्रदर्शन गर्नबाट बञ्चित हुन सक्छ ।

यसरी अङ्क र समयमा सन्तुलन कायम गर्न सकिएन भने नमिलेका प्रश्नपत्रको बाह्य वैधतामा मात्र नभई आन्तरिक वैधतामा पनि असर पुऱ्याउने खालका हुन सक्छन् । त्यसैले पूर्णाङ्क निर्धारण, समुचित विभाजन र वितरण, उत्तीर्णाङ्क निर्धारण, सिपगत र भाषिक पक्ष, प्रश्नको प्रवृत्ति अनुरूपको समय निर्धारण जस्ता कुरा प्रश्नपत्रमा झल्किनु आवश्यक देखिन्छ ।

**प्रस्तुति अनुक्रम/स्तरण**

प्रस्तुति अनुक्रम वा स्तरण भनेको प्रश्नका प्रकृति र कठिनाइ स्तरलाई ख्याल गरी सोअनुरूप प्रश्नहरूको स्थान निर्धारण र वितरण गर्ने तरिका हो,अर्थात् प्रश्नहरूलाई सरलदेखि जटिलताको अनुक्रम वा स्तरणमा वितरण गर्नु नै प्रस्तुति अनुक्रम हो । यसको प्रयोजन भनेको परीक्षार्थीहरूलाई उत्तर दिन सरल होओस्, प्रश्न देख्ने बित्तिकै हरेस खाने प्रवृत्ति नआओस् र परीक्षकलाई प्रश्नका समूहअनुरूप उत्तर पत्र परीक्षण गर्न सरल होओस् भन्ने हेतुले यो आवश्यक देखिन्छ ।

**प्रश्न पत्रको स्वरूप**

आकृति, आकार र प्रकारलाई प्रश्नपत्रको स्वरूप मान्न सकिन्छ । प्रश्नपत्रको स्वरूपभित्र शीर्ष भाग, मध्य भाग र अन्त्य भाग तथा किनारा सबै पर्दछन् । निर्माण गरिएको प्रश्नपत्रको स्वरूप उपयुक्त र स्तरीय नभएमा त्यस्तो प्रश्नपत्रलाई परीक्षणका रूपमा प्रयोगमा ल्याउने कठिनाई पर्दछ । त्यस्तो प्रश्नलाई त्रुटिपूर्ण मानिन्छ ।

**भाषा**

प्रश्नपत्रमा प्रयोग भएको भाषा स्पष्ट, शुद्ध, सरल, दोहोरो अर्थ नलाग्ने, सम्प्रेषणीय, बस्तुगत, स्तरअनुरूप हुनुपर्दछ । प्रश्नपत्रमा प्रयुक्त भाषा दोहोरो अर्थ लाग्ने भएमा प्रश्नपत्रको स्वरूपगत वैधताको साथै आन्तरिक वैधता खल्बलिन सक्छ । प्रश्नपत्रको भाषामा वर्णविन्यास, पदयोग, पदवियोग, चिह्न प्रयोग, शब्द वर्ण, विभक्तिको प्रयोगसम्बन्धी प्रयोग, स्पष्ट व्याकरणसम्मत र बोधगम्य हुनुपर्दछ ।

## प्रश्न निर्माण तथा विश्लेषणका आन्तरिक आधार

प्रश्नको आन्तरिक बनोटले नै परीक्षणको दिशा निर्धारित गर्छ, सीमाङ्कन गर्छ र समग्रमा परीक्षणका वास्तविक उद्देश्य हासिल गर्न, सुनिश्चित प्रक्रिया एवम् मार्ग निर्देशन गर्छ । कुनै पनि भाषिक प्रश्न निर्माण र विश्लेषणको महत्त्वपूर्ण र केन्द्रीय आधार आन्तरिक आधार हो । आन्तरिक आधारमा प्रश्नहरूको निर्माण र विश्लेषण गर्न निम्नलिखित पाँच पक्षहरूलाई प्रमुख रूपमा चर्चा गर्न सकिन्छ :

### पाठ्यक्रम अनुरूपता

प्रश्नपत्र पाठ्यक्रमको उद्देश्य र क्षेत्रभित्रबाट निर्माण गर्नुपर्दछ । पाठ्यक्रम अनुरूपताका दृष्टिले विषयबस्तुको उद्देश्य, प्रश्न सीमा र प्रश्न सापेक्षता आदि आधार प्रयोग गरी प्रश्नले पाठ्यक्रमका उद्देश्य, सीमा र मर्मलाई पछ्याउन सके नसकेकोबारे अध्ययन, विश्लेषण गर्नुपर्छ । पाठ्यक्रम परीक्षणका निम्ति उपयोगमा ल्याउने प्रश्नहरूको समग्र प्रतिनिधित्व गर्ने खालको हुनुपर्ने देखिन्छ ।

### भाषिक पक्षहरूको संयोजन र सन्तुलन

भाषिक पक्षभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रमा समावेश गरिने पढाइ सिप, लिखित रचना सिप, शब्दभण्डार क्षमता तथा व्याकरणिक ज्ञान र प्रयोग क्षमताहरू पर्छन् । यी विविध पक्षका आधारमा प्रश्नपत्र उपयुक्त छ या छैनन् भनी प्रश्नपत्रको विश्लेषण गर्न सकिन्छ ।

### प्रश्नमा हुनुपर्ने गुणहरू

विश्वसनीयता, बैधता, व्यावहारिकता, विभेदकारिता जस्ता कुराहरू प्रश्नपत्रका गुणहरू हुन् । प्रश्नपत्रका आन्तरिक पक्ष सबल र दुर्बल हुनुमा यिनै गुणहरूले भूमिका निर्वाह गरेका हुन्छन् । सही तरिकाले प्रश्नमा हुनुपर्ने गुणहरूको समायोजन हुन सकेमा मात्र प्रश्नपत्रको गुणस्तरमा वृद्धि हुन सक्छ ।

**प्रश्नका विविध पक्षहरू**

मौखिक र प्रयोगात्मक परीक्षा सम्भव भएको अवस्थामा लिखित परीक्षाको विकल्प हुँदैन । त्यस्तो अवस्थामा पाठ्यपुस्तकका सम्पूर्ण विषयबस्तुलाई समावेश गरेर प्रश्न निर्माण गर्न कठिन हुन्छ । मुख्यतः लिखित परीक्षाको सन्दर्भमा कम समयमा धेरै कुराहरूको परीक्षण हुन सक्ने र विषयवस्तुको व्यापकतालाई यथोचित निर्वाह गर्न सकिने हुन्छ । बस्तुगत प्रश्नहरू समेत निर्धारण गरेर परीक्षण गर्नु आवश्यक देखिन्छ ।

**भाषा**

प्रश्नका आन्तरिक गुण वा बैधतालाई प्रभाव पार्ने प्रमुख तत्त्व भाषा हो । भाषा प्रयोगको शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरलता र जटिलताले प्रश्न प्रभावित हुन्छ (पौडेल, २०७०, पृ. १२४) । भाषा प्रयोगमा देखिने यस्ता लापरवाही प्रवृत्तिले प्रश्नको आन्तरिक वैधतामा आघात पुग्न सक्छ ।

**भाषिक मूल्याङ्कनका प्रकार**

भाषिक सिपहरूको शिक्षण गर्न मूल्याङ्कनका विविध साधनहरूको प्रयोगगर्ने गरिन्छ । तिनै साधनहरूको सहायताले विद्यार्थीको दक्षता र उपलब्धि पत्ता लगाउन सकिन्छ । भाषिक परीक्षणलाई यसको प्रकृति र प्रवृत्तिअनुसार निम्नानुसार विभाजन गरेर अध्ययन गर्न सकिन्छ (पौडेल, २०७०, पृ. १०) ।

**सामयिक र औपचारिक मूल्याङ्कन**

कुनै निश्चित समय सीमामा आधारित भई प्रायोजित गरिएको भाषिक परीक्षणलाई सामयिक मूल्याङ्कन भनिन्छ, भने पूर्व तयारी र सम्बन्धित परीक्षार्थीहरूलाई सुसुचित गरेर व्यवस्थित ढङ्गले परीक्षण गरिने भएकाले यसैलाई औपचारिक परीक्षण पनि भनिन्छ (पौडेल, २०७०, पृ. १०) । यस्तो परीक्षण कक्षाको सुरू, मध्य र अन्त्यमा गरिन्छ । यो कुनै निश्चित समयको योजनामा आधारित भई र पूर्वनिर्धारित रूपमा सञ्चालन गरिन्छ । यस्तो मूल्याङ्कन निर्णयात्मक प्रकृतिको हुन्छ ।

### विषयगत र बस्तुगत मूल्याङ्कन

विद्यार्थीले आफ्नै भाषा शैलीमा केही बोलेर वा लेखेर उत्तर दिने खालको मूल्याङ्कन विषयगत हो भने कुनै खास खास विकल्प, शब्द अथवा उत्तरमा चिनो लगाएर, धर्का लगाएर उत्तर दिने खालको मूल्याङ्कन बस्तुगत हो । विषयगत मूल्याङ्कन उत्पादनात्मक प्रकृतिको हुन्छ । यसले विद्यार्थीको सिर्जनशीलता र मौलिकतालाई महत्त्व दिन्छ । बस्तुगत मूल्याङ्कन पहिचानात्मक प्रकृतिको हुन्छ । यो बढी विश्वसनीय र वैध प्रकृतिको हुन्छ ।

### सामान्य र प्रयोगात्मक

बिद्यार्थीले मौखिक किसिमका बोधमुलक प्रश्न र पढेका, घोकेका वा स्मरण गरेका आधारमा विद्यार्थीले लिखित परीक्षाका माध्यमबाट उत्तर दिने खालका परीक्षण प्रविधिमा आधारित जाँचलाई सामान्य परीक्षण भनिन्छ । भाषाको व्यावहारिक सिप सम्प्रेषणात्मक र सम्पादनात्मक पक्षको प्रत्यक्ष वा परोक्ष अवलोकन वा पर्यवेक्षण गरेर सम्पन्न गरिने मूल्याङ्कनलाई प्रयोगात्मक मूल्याङ्कन भनिन्छ (पौडेल, २०७०, पृ. १०) । सामान्य मूल्याङ्कनले भाषाको उत्पादन, सम्पादन र सम्प्रेषण जस्ता कुरालाई समेट्न सक्दैन । यसकारण यी कुराको जाँच गर्न प्रयोगात्मक मूल्याङ्कन निकै उपयोगी मानिन्छ ।

### निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन

शिक्षण सिकाइ कार्यकलापको शिलशिलामा विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्न सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुबैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने निर्माणात्मक मूल्याङ्कन भनिन्छ । शिक्षण सिकाइको क्रममा देखा परेका समस्या, कठिनाइ र असमाञ्जस्यतालाई तत्कालै निदान गरी सुधार गर्न निर्माणात्मक मूल्याङ्कनले सहयोग गर्दछ । यो अनौपचारिक र निरन्तर चलिरहने प्रक्रिया हो ।

कुनै पनि शैक्षिक कार्यकमको अन्त्यमा गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यसले कार्यक्रमको उत्पादन र प्रभावलाई हेरी त्यस सम्बन्धमा निर्णय दिने कार्य गर्दछ । निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीले के कति उपलब्धि प्राप्त गरे त्यसको लेखाजोखा गर्ने काम गर्दछ । यो औपचारिक र बाह्य प्रकृतिको हुन्छ ।

## निरन्तर र अनौपचारिक मूल्याङ्कन

अभ्यासात्मक कार्यकलापमा आधारित भएर गरिने बारम्बारको परीक्षणलाई निरन्तर मूल्याङ्कन भनिन्छ । यो छोटो समयको अन्तरालमा लगातार सञ्चालन गरिन्छ । शिक्षकले बिद्यार्थीलाई सिकाइसम्बन्धी उचित पृष्ठपोषण प्रदान गर्न निरन्तर रूपमा गरिने मूल्याङ्कनलाई अनौपचारिक मूल्याङ्कन भनिन्छ । बिद्यार्थीका सिकाइ उपलब्धिहरूको परीक्षण एकैपटक गरेर नपुग्ने भएकाले ती उपलब्धिहरू निरन्तर रूपमा मूल्याङ्कन गरी अभिलेख राख्नको लागि यस्तो प्रकारको मूल्याङ्कनले सहयोग गर्दछ ।

## पृथकीकृत र एकीकृत मूल्याङ्कन

भाषाका विभिन्न तत्त्वहरूलाई छुट्याएर परीक्षण गरिने प्रविधिलाई पृथकीकृत मूल्याङ्कन भनिन्छ, भने भाषाका विभिन्न पक्षलाई समग्रात्मक ढङ्गले परीक्षण गर्नुलाई एकीकृत मूल्याङ्कन भनिन्छ । पृथकीकृत मूल्याङ्कनको प्रकृति बस्तुगत र पहिचानात्मक हुने भएकाले यसमा उच्च विश्वसनीयता रहन्छ । भाषाका विविध सिपसम्बन्धी संज्ञान र त्यसको प्रयोग कुशलताको परीक्षण समग्रात्मक किसिमले गरिने मूल्याङ्कन एकीकृत मूल्याङ्कन हो । साहित्यका विभिन्न विधाहरूको मूल्याङ्कन यहीएकीकृत ढङ्गबाट गरिने हुनाले यसमा विश्वसनीयता र बैधता कम हुन्छ ।

## उपलब्धिपरक र दक्षतापरक मूल्याङ्कन

शिक्षण सिकाइ कार्य सम्पन्न भए पछि पाठ्यक्रमका उद्देश्यहरू के कति मात्रामा पुरा हुन सके भनेर गरिने परीक्षणलाई उपलब्धिपरक मूल्याङ्कन भनिन्छ । यो निर्णयात्मक प्रकृतिको हुन्छ । त्यस्तै विद्यार्थीको स्तर प्रमाणीकरण गर्न र उपलब्धिस्तर पत्ता लगाउन उपलब्धिपरक मूल्याङ्कनको आवश्यकता पर्दछ ।

विद्यार्थीले आफू सिकेका भाषिक सिप, ज्ञान र क्षमतालाई वास्तबिक जीवन सापेक्ष विभिन्न दैनन्दिनीमूलक कार्यहरूमा कुन हदसम्म उपयोग गर्न सक्छन् भन्ने कुरा पहिल्याउन गरिने मूल्याङ्कनलाई दक्षतापरक मूल्याङ्कन भनिन्छ (पौडेल, २०७०, पृ. १३) । बिद्यार्थीले आफूले सिकेका भाषिक सिपलाई आफ्नो जीवनमा कसरी कसरी अनुवाद र प्रयोग गर्न सक्छन् भनी गरिने मूल्याङ्कन दक्षतापरक मूल्याङ्कन हो ।

**अभिक्षमतापरक र निदानात्मक मूल्याङ्कन**

अभिक्षमतापरक परीक्षणको ध्येय लक्षित भाषामा विद्यार्थीहरूको उत्प्रेरणा, सुझाव, सक्षमता अथवा प्राप्ति पहिल्याउनु हो । त्यसैले यसका धेरैजसो विशेषताहरू दक्षतापरक परीक्षणसँग मिल्दाजुल्दा हुन्छन् । यो मूल्याङ्कनले दोस्रो भाषि विद्यार्थीलाई सहयोग पुऱ्याउँछ ।

निर्माणात्मक मूल्याङ्कन प्रक्रियाबाट दिइएको पृष्ठपोषणबाट पनि सुधार आउन नसकेका सिकाइ समस्याहरूलाई गहिराइसम्म पुगी अध्ययन गरेर सिकाइ समस्याका खास कारणहरू पहिचान गर्ने उद्देश्यले गरिने विशिष्ट प्रकृतिको मूल्याङ्कनलाई निदानात्मक मूल्याङ्कन भनिन्छ । यसलाई उपचारात्मक मूल्याङ्कन पनि भनिन्छ । यस प्रकारको परीक्षणमा अनौपचारिक प्रसङ्गका निरन्तर र निर्माणात्मक परीक्षण बिधिहरूको बढी अपेक्षा रहन्छ ।

**प्रवेशात्मक र स्थान निर्धारणमूलक मूल्याङ्कन**

कुनै निर्धारित भाषा पाठ्यक्रम बमोजिमको शिक्षण सिकाइमा समावेश गर्न वा प्रवेश दिनका लागि विद्यार्थीको भाषिक पूर्वाधार थाहा पाउन गरिने परीक्षणलाई प्रवेशात्मक परीक्षण भन्ने गरिन्छ । यसलाई एकीकृत र पृथकीकृत दुवै किसिमले गर्न सकिन्छ । अतः तोकिएको तहमा पढ्नका लागि कुनै विद्यार्थी उपयुक्त छ कि छैन भनी लेखाजोखा गर्न यसको प्रयोग गरिन्छ ।

स्थान निर्धारणमूलक मूल्याङ्कन भनेको खासगरी नवप्रवेशी विद्यार्थीहरूलाई भाषा शिक्षण सिकाइमा समान वा भिन्न स्तरका समूहमा विभाजन गरेर उपयुक्त किसिमको विधि, प्रविधि अपनाई शिक्षण गर्न सुगम होस् भन्ने दृष्टिले अपनाइने मूल्याङ्कन हो (पौडेल, २०७०, पृ. १३) । यो औपचारिक र निर्णयात्मक प्रकृतिको हुन्छ ।

**भाषिक मूल्याङ्कनका साधनहरू**

विभिन्न विषयको मूल्याङ्कन जस्तै भाषिक सिपको मूल्याङ्कनमा पनि मूल्याङ्कनका विविध साधनहरूको प्रयोग गरिन्छ । मुख्यतः भाषिक मूल्याङ्कनका साधनलाई स्तरयुक्त परीक्षा र शिक्षक निर्मित परीक्षा दुई वर्गमा अध्ययन गर्ने गरिन्छ । यिनै दुई प्रमुख युक्तिभित्र

अन्य विविध युक्ति वा साधनहरू पनि स्वतः समाहित हुन्छन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

**स्तरयुक्त परीक्षा**

विभिन्न विषयविज्ञ, भाषाविद्, शिक्षाविद् तथा मूल्याङ्कन कर्ताहरू मिलेर पूर्व घोषित रूपमा, पूर्व परीक्षण गरेर सचेततापूर्वक वैज्ञानिक प्रविधिहरू अपनाएर सञ्चालन गरिने परीक्षालाई नै स्तरयुक्त परीक्षा भनिन्छ । यो खास स्तर वा कक्षाका लागि राष्ट्रिय, क्षेत्रीय, अञ्चल वा जिल्लास्तरीय रूपमा सञ्चालन गर्न सकिन्छ । यसमा अङ्कन र परीक्षण गर्ने कार्य पनि सर्वमान्य आधारमा गरिन्छ । यो परीक्षाको मुख्य उद्देश्य व्यापक क्षेत्रभित्रका समान स्तर, उमेरका विद्यार्थीहरूको ज्ञान, सिप, र धारणासम्बन्धी स्तर पत्ता लगाउनु तिनलाई मानकका आधारमा तुलना गर्नु र सोहीअनुरूप प्रशासनिक पथप्रदर्शन गर्नु रहेको हुन्छ । यसमा विश्वसनीयता, वैधता, विभेदकारिता र व्यावहारिकता आदि गुणहरूलाई कायम राख्ने प्रयास गरिएको हुन्छ ।

**शिक्षक निर्मित परीक्षा**

यो स्तरयुक्त परीक्षा जस्तो पूर्वघोषित नभई विद्यालयमा भाषा शिक्षणका क्रममा कक्षाको आवश्यकताअनुसार सम्बन्धित भाषा शिक्षकहरूद्वारा तयार गरी सञ्चालन गरिने परीक्षा हो (पौडेल, २०७०, पृ. ५२) । यो परीक्षा पूर्वघोषित रूपमा नभई विषय शिक्षणका क्रममा कक्षाको आवश्यकताअनुसार शिक्षकहरूद्वारा निर्माण गरिन्छ । यो निर्माणात्मक र निर्णयात्मक दुवै किसिमले गर्न सकिन्छ । साथै प्रशासनिक, शैक्षिक, अनुसन्धानात्मक एवम् पथ प्रदर्शनमूलक कार्यहरूका लागि पनि यसले उपयुक्त टेवा पुऱ्याउछ । शिक्षक निर्मित परीक्षाबाट भाषा शिक्षणका बाञ्छित लक्ष्यर भाषिक परीक्षणका अभीष्टहरूसम्म पुग्न निकै सरल र प्रभावकारी हुने ठानिन्छ । समग्रमा भन्नुपर्दा शिक्षक निर्मित परीक्षा विषय शिक्षकबाट निर्माण गरिने परीक्षा हो । आवश्यक स्रोत, साधन, धन, प्रविधि र समय भए यसलाई पनि विश्वसनीय र वैध बनाउन सकिन्छ, तर उपयुक्त समस्याले गर्दा यसमा पूर्व परीक्षण, विश्वनीयता र वैधताको अभाव रहेको देखिन्छ ।

उपर्युक्त भाषिक मूल्याङ्कनका दुई युक्ति वा साधनहरूभित्र अन्य विविध साधनहरू पनि समाहित हुने भएकाले अन्य साधनहरूको व्याख्या निम्नानुसार गरिएको छ :

**मौखिक परीक्षा**

भाषिक परीक्षणका सन्दर्भमा विभिन्न किसिमका मौखिक प्रश्न तथा अन्तर्वार्ता जस्ता साधन र प्रक्रियाहरूको उपयोग गरेर गरिने परीक्षणलाई मौखिक परीक्षा भनिन्छ (पौडेल, २०७०, पृ. ५३) । लेखाइ सिपको राम्रो विकास भई नसकेका प्रारम्भिक तहका विद्यार्थीहरूको पठनबोध र श्रुतिबोध क्षमता परीक्षण गर्न यस किसिमको साधन उपयुक्त हुने देखिन्छ । त्यस्तै विद्यार्थीको सिकाइ क्रम, प्रवृत्ति, क्षमता र दक्षताको आँकलन गरेर तत्कालै पृष्ठपोषण दिनका लागि पनि मौखिक परीक्षा निकै प्रभावकारी मानिन्छ । अतः यसले व्यक्तिको संवेगात्मक र व्यावहारिक पक्षको जाँच गर्न सक्ने भएकाले यसलाई महत्त्वपूर्ण विधिको रूपमा लिइन्छ ।

**लिखित परीक्षा**

लिखित प्रश्न र कार्यकलापको माध्यमले गरिने भाषिक परीक्षणलाई लिखित परीक्षा भनिन्छ । अभिव्यक्ति सिप र त्यससँग सम्बन्धित अन्य पक्षहरूको परीक्षणका लागि लिखित परीक्षा उपयोगी मानिन्छ । नेपालको सन्दर्भमा निर्णयात्मक मूल्याङ्कनका लागि लिखित परीक्षालाई नै सर्वाधिक महत्त्व दिई उपयोग गरिएको पाइन्छ । लिखित परीक्षा सिपपरक र प्रयोगात्मकभन्दा पनि सैद्धान्तिक प्रकृतिको हुने भएकाले वास्तविक परीक्षण हुन नसक्ने सम्भावना रहन्छ । यसबाट वादविवाद, संवाद र बक्तृत्वकला जस्ता सिपको परीक्षण गर्न सकिदैँन । लिखित परीक्षाभित्र पनि निम्न साधनहरू पर्दछन् :

**क) विषयगत प्रश्न**

विद्यार्थीको सिर्जनात्मक, मौलिक र स्वतन्त्र अभिव्यक्तिको जाँच गर्न विषयगत प्रश्नलाई उपयोग गरिन्छ । यस्ता प्रश्नहरूको मूल आशय एउटै भए पनि व्यक्तिपिच्छे फरक फरक उत्तर आउन सक्छ । यसकारण विषयगत प्रश्नको उत्तर परीक्षणमा परीक्षकपिच्छे फरक फरक नतिजा आउन सक्छ । विषयगत प्रश्नहरू वर्णनात्मक, व्याख्यात्मक, विवेचनात्मक, विश्लेषणात्मक, संश्लेषणात्मक, तुलनात्मक, तार्किक, टिप्पणीमूलक र समीक्षात्मक प्रकृतिका हुन्छन् । विषयगत प्रश्नले विषयवस्तुको व्यापकतालाई समेट्न नसक्ने भएकाले यसमा विश्वसनीयता र बैधता कमी रहन्छ ।

विषयगत प्रश्नहरू पनि मुख्य गरी निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक गरी दुई प्रकारका रहेका छन् :

**निबन्धात्मक प्रश्न**

निबन्धात्मक प्रश्नको जवाफ विद्यार्थीहरूले स्वतन्त्र ढङ्गले दिन सक्छन् । विषयवस्तु सङ्गठन गर्ने, एकीकरण गर्ने, विचार र सूचनाहरूलाई मूल्याङ्कन गर्ने क्षमताको लेखाजोखा गर्न यस्ता प्रश्न उपयोगी हुन्छन् । निबन्धात्मक प्रश्न पहिचानात्मकभन्दा उत्पादनात्मक प्रकृतिका हुन्छन् । सामान्यतः एकभन्दा बढी अनुच्छेदमा निबन्ध जस्तै लामो तरिकाले लेखिने सुसङ्गठित लिखित अभिव्यक्तिको रचना परीक्षणका उत्तर लेख्दा तार्किक, व्याख्यात्मक, विश्लेषणात्मक तरिकाले लेख्नुपर्ने हुन्छ । यस्ता प्रश्न माथिल्लो तहका लागि उपयोगी मानिन्छ । साथै प्रश्नको निर्माण गर्दा विद्यार्थीको स्तर र क्षमतालाई मध्यनजर गर्नुपर्ने हुन्छ ।

**सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

एक शब्ददेखि लिएर एक वाक्य र एक दुई अनुच्छेदसम्म उत्तर आउने प्रश्न नै सङ्क्षिप्त उत्तरात्मक प्रश्न हुन् । यस्ता प्रश्न लिखित र मौखिक दुबै युक्तिका लागि उपयोगी हुन्छन् । वैयक्तिक शैली, प्रस्तुति, सङ्गठन तथा बैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र सङ्क्षिप्तता, व्याप्तता, सङ्ख्यात्मक बाहुल्य, प्रयोजनपरकता, प्रयोग पहिचान आदिका दृष्टिले बस्तुताको गुण समेत झल्किने यस्ता प्रश्नलाई बस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी पनि मान्न सकिन्छ (पौडेल, २०७०, पृ. ५५) । यस्ता सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूमा कक्षा र स्तर हेरी शब्द निर्माण र प्रयोगसम्बन्धी, वाक्यगठन र रूपान्तरणसम्बन्धी, प्रकारान्तर कथनसम्बन्धी, शुद्धीकरणसम्बन्धी, सिर्जनात्मक, व्याख्या तथा समीक्षा आदिसम्बन्धी प्रश्नहरू पर्दछन् । यस्ता प्रश्नमा निबन्धात्मक प्रश्नको तुलनामा वैधता, विश्वसनीयता, विभेदकारिता, व्यावहारिकता जस्ता गुणहरू पनि रहेका हुन्छन् ।

### ख)	वस्तुगत प्रश्न

बिषयवस्तुको व्यापक क्षेत्रलाई समेट्ने, एकपटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने र विषयगत वैधता र विश्वसनीयता रहेको प्रश्न नै बस्तुगत प्रश्न हुन् । उत्पादनात्मक र सम्पादनात्मक परीक्षणका दृष्टिले यस्ता प्रश्नहरू उपयोगी नभए तापनी परीक्षणको व्यापकता र विश्वसनीयताका दृष्टिले यी प्रश्न निकै उपयोगी मानिन्छ । बस्तुगत प्रश्नहरूमा बहुवैकल्पिक प्रश्न, ठिकवेठिक छुट्याउने प्रश्न, जोडा मिलाउने प्रश्न, खाली ठाउँ भर्ने प्रश्न तथा क्लोज र सी परीक्षण पर्दछन् ।

### प्रयोगात्मक परीक्षा

लिखित परीक्षाबाट मापन गर्न नसकिने विद्यार्थीको व्यावहारिक र प्रयोगात्मक सिपको परीक्षण गर्न प्रयोगात्मक परीक्षा उपयोग गरिन्छ । यसले भाषिक सिपको सम्पादनात्मक पक्षको अवलोकन र पर्यवेक्षण गरेर मूल्याङ्कन गर्दछ । सुनाइको एकाग्रता, विभेदकता, बोलाइको हाउभाउपूर्ण चेष्टा, स्वर प्रसारण, वाचनकलाको आरोह, अवरोह, गति, यति र लय जस्ता कुराहरूको वास्तविक मूल्याङ्कन प्रयोगात्मक परीक्षाबाट नै सम्भव हुन्छ । यस्तो परीक्षाद्वारा विद्यार्थीको सिपगत व्यवहार र क्षमताको बस्तुगत परीक्षण गर्न भने निकै चुनौतिपूर्ण हुन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य विधिको रूपमा प्रयोग गरिएको छ । द्वितीयक स्रोतका रूपमा विभिन्न पाठ्यपुस्तक, शोध प्रतिवेदन, लेख, रचना, पत्रपत्रिकातथा शब्दकोशलाई उपयोग गरिएको छ । गुणात्मक ढाँचाको अबलम्वन गर्दै वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ, साथै माध्यमिक नेपाली शिक्षा भाषा पाठ्यक्रम, विशिष्टीकरण तालिका, पाठ्यपुस्तक, समसामयिक नेपाली व्याकरण र नेपाली विषयसँग सम्बन्धित आधिकारिक स्रोत सामग्रीहरूलाई पनि अध्ययनको आधार बनाई निष्कर्ष निकालिएको छ ।

## अनुसन्धान ढाँचा

अनुसन्धानको उद्देश्य पुरा गर्न अनुसन्धानदातालाई मार्गनिर्देशन गर्ने योजना नै अनुसन्धान ढाँचा हो । अनुसन्धान ढाँचा मूलतः तीन प्रकारका हुन्छन्: गुणात्मक, परिमाणात्मक र मिश्रित । प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचामा आधारित रहेको छ, तसर्थ यसमा तथ्याङ्कको सङ्कलन र विश्लेषणका लागि वर्णनात्मक विधिको अबलम्वन गरिएको छ ।

## नमुना छनोट

अनुसन्धानका लागि लिइने प्रतिनिधिमूलक व्यक्ति, सामग्री तथा जनसङ्ख्याको एकाइ वा अंशलाई नमुना भनिन्छ । यो अनुसन्धानका लागि कक्षा आठमा २०७५ सालको दुई ओटा महानगर क्षेत्रभित्र सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूलाई सोद्देश्यमूलक तरिकाबाट नमुना छनोट गरिएको छ ।

यस अध्ययनमा कक्षा आठमा २०७५ सालमा सोधिएका नेपाली विषयका प्रश्नहरूलाई सोद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी उक्त प्रश्नहरूलाई नमुनाको रूपमा लिइएको छ ।

**तथ्याङ्क सङ्कलनका सामग्री**

कुनै पनि शोधकार्य गर्दा विविध प्रकारका सामग्रीहरू प्रयोग गरिन्छन् । ती प्रयोग गरिने सामग्रीहरूविभिन्न स्रोतको उपयोग गरी सङ्कलन गरिएको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि मूलभूत रूपमा पुस्कालयीय विधिको माध्यमबाट सामग्री सङ्कलन गरी वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन शीर्षकको शोधका लागि निम्न दुई स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

**प्राथमिक स्रोत**

अनुसन्धानकर्ताले तथ्याङ्कको खोजी गर्दा पहिलोपटक उपयोगमा ल्याइएका तथ्याङ्कलाई नै प्राथमिक स्रोतका तथ्याङ्क भनिन्छ, अर्थात ऊ भन्दा अगाडि कसैले अनुसन्धानमा उपयोग, व्याख्या, विश्लेषण गरेका हुँदैनन् भने त्यसलाई प्राथमिक स्रोतका तथ्याङ्क भनिन्छ (घिमिरे, २०७०, पृ. ७२) ।प्रस्तुत शोधका लागि कक्षा आठको वार्षिक परीक्षा २०७५ मा सोधिएका नेपाली विषयका प्रश्नहरूलाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

**द्वितीयक स्रोत**

अनुसन्धानका क्रममा अरू कसैले प्राथमिक स्रोतका रूपमा उपयोग गरेका सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिइन्छ ।प्रस्तावित स्रोतका लागि प्रश्न विश्लेषणसम्बन्धी लेखिएका विभिन्न प्रकाशित पाठ्यपुस्तकहरू, पाठ्यक्रम, लेख, रचना अहिलेसम्मका अप्रकाशित शोधपत्रहरू, आवश्यकताअनुसार विषय विज्ञहरूको सल्लाह सुझाउ तथा परामर्श, आदिलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

**व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधका लागि पुस्तकालयीय अध्ययनमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरी कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन गरिएको छ । यसरी प्रश्नपत्र निर्माण गर्दा प्रश्न निर्माणको आन्तरिक र बाह्य आधारलाई अवलम्बन गरिएको छ कि छैन? व्याख्या विश्लेषण गरिएको छ । भाषिक प्रश्न

विश्लेषणका बाह्य आधारअन्तर्गत निर्देशन, अङ्कविभाजन, समय सन्तुलन, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप आदि पक्षको अध्ययन विश्लेषण गरिएको छ । आन्तरिक आधारअन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुणहरू,भाषा र प्रश्नपत्रका विविध पक्षहरूको विश्लेषण गरिएको छ । त्यस्तै विश्वसनीयता र वैधता जस्ता पक्षको अध्ययन विश्लेषण गरिएको छ । प्रश्नपत्र विशिष्टीकरण तालिकामा आधारित भएर निर्माण गरिएको छ छैन ? विश्लेषण गरिएकोछ  । त्यस्तै प्रश्नपत्र निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई अवलम्बन गरेको छ छैन ? खोजी गरिएको छ, र वर्णनात्मक विधिको उपयोग गर्दै गुणात्मक व्याख्या विश्लेषण गरी प्रस्तावित अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

# अध्याय चार

## आन्तरिक र बाह्य आधारमा प्रश्नपत्रहरूको विश्लेषण

प्रश्न निर्माणका सैद्धान्तिक आधारअन्तर्गत भाषा पाठ्यक्रमअनुरूप प्रश्नमा हुनुपर्ने आन्तरिक र बाह्य गुण, विश्वसनीयता, बैधता र व्यावहारिकताको दृष्टिले प्रश्नको निर्माण र विश्लेषण गरिन्छ । यसका लागि निश्चित तह र कक्षाका वर्तमान प्रश्नपत्रहरूलाई प्रतिनिधि नमुना छनोट गरेर सैद्धान्तिक दृष्टिले अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिन्छ । त्यस्तै समग्र प्रश्नपत्रको बाह्य र आन्तरिक स्वरूपका आधारमा वैधता केलाउने कार्य गरिन्छ ( पौडेल, २०७०, पृ. १०९)।

यस अध्ययनमा चार ओटा महानगरपालिकामा कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरूको बाह्य र आन्तरिक आधारमा प्रतिनिधि प्रश्नहरूको क्रमशः विश्लेषण गरिएको छ ।

### बाह्य आधारमा प्रश्नको विश्लेषण

प्रश्नपत्रको बाह्य आधारअन्तर्गत समग्र प्रश्नपत्रमा हुनुपर्ने स्वरूपगत ढाँचा, त्यसको आकृति, प्रकृति, वैधता, उपयुक्तता, आकर्षण, स्पष्टता, स्तरीयता जस्ता स्वरूपगत पक्षहरूको निर्क्योल र निर्धारण गर्ने काम गरिन्छ । यस अध्ययनमा कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका चार ओटा महानगर क्षेत्रबाट प्रतिनिधि प्रश्नहरूको बाह्य आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

१. निर्देशन

२ अङ्क विभाजन र समय निर्धारण

३. प्रस्तुति अनुक्रम

४. प्रश्नको स्वरूप

५. भाषा

### काठमाडौं महानगर क्षेत्रको प्रश्न विश्लेषण

कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका काठमाडौँमहानगरपालिका स्तरीय प्रश्नपत्रलाई बाह्य आधारअन्तर्गत निर्देशन, अङ्कविभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप र भाषाका आधारमा केन्द्रित भई प्रश्नको विश्लेषण गरिएको छ ।

**निर्देशन**

कुनै पनि प्रश्नपत्रलाई सार्थक बनाउन निर्देशनको महत्त्वपूर्ण भूमिका रहन्छ । निर्देशनअन्तर्गत शीर्ष निर्देशन, प्रश्नगत निर्देशन, समय निर्देशन, अङ्क निर्देशन, पृष्ठ निर्देशन र विकल्प निर्देशनका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

**१. शीर्ष निर्देशन**

शीर्ष निर्देशन भनेको समग्र प्रश्नहरूको उत्तर दिने मूल निर्देशन हो । यो प्रश्नपत्रको शीर्ष भागमा राखिन्छ । काठमाडौँमहानगरपालिका स्तरीय प्रश्नपत्रमा शीर्ष निर्देशनलाई निम्नानुसार दिएको पाइन्छ :

| | |
|---|---|
| आधारभूत तह परीक्षा २०७५ | |
| समयः २ घण्टा १५ मिनेट | पूर्णाङ्क : ७५ |

उपर्युक्त शीर्ष निर्देशनमा कक्षा, विषय र उत्तीर्णाङ्क उल्लेख गरिएको छैन । यसकारण उक्त कुराहरूलाई पनि उल्लेख गरिएको भए अझ स्पष्ट हुने देखिन्छ ।

विद्यार्थीले उत्तर दिँदा मौलिक तथा सिर्जनात्मक शैलीमा दिनुपर्ने छ । अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन मिल्ने गरी दिइनेछ भनि शीर्ष निर्देशनमा स्पष्ट पारिएकाले उत्तम मानिन्छ ।

**२. प्रश्न निर्देशन**

प्रश्न निर्देशनका दृष्टिले उक्त प्रश्नको अध्ययन गर्दा प्रश्न नं. ११ मा तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् भनिएको छ, तर सारांश कति लेख्ने भनी खुलाइएको छैन ।त्यस्तै प्रश्न नं. १२ (ख) मा ‘असल विद्यार्थीका गुण’ शीर्षकमा विवेक र हुसेनकाबिच भएको कुराकानीलाई समेटेर संवाद तयार पार्नुहोस्  भनिएको छ । तर उक्त प्रश्नमा संवाद कति लेख्ने भन्ने कुरामा अन्योलता रहेको छ ।

## ३. विकल्प निर्देशन

कक्षा आठको वार्षिक परीक्षा २०७५ मा काठमाडौँमहानगरपालिका क्षेत्रले निर्माण गरेको प्रश्नपत्रमा विकल्प सहितका प्रश्न नं. १२, १३, १४, १६ र १७ रहेका छन् ।

प्रश्न नं. १२ मा तलकामध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : भनी (क) र (ख) गरी दुईओटा प्रश्न सोधिएको छ । प्रश्न नं. १३ मा तलकामध्ये कुनै एकको भावविस्तार गर भनी (क) र (ख) विकल्प दिइएको छ । प्रश्न नं. १४ मा कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् भनी (क), (ख) र (ग) गरी विकल्प चयन गरिएको छ । प्रश्न नं. १६ मा दुईओटा विकल्प दिई कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् भनिएको छ भने प्रश्न नं. १७ मा कुनै एक शीर्षकमा निबन्ध लेखनका लागि तीन ओटा विकल्प सहितका शीर्षकहरू दिइएको छ । यसरी हेर्दा विषयगत प्रश्नमा बढी विकल्प दिई प्रश्नको विश्वसनीयता र वैधता कायममा असमानता देखिएको छ ।

### अङ्कविभाजन र समय निर्धारण

प्रतिनिधि प्रश्नहरूको अङ्कविभाजन र समय निर्धारणलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

### पूर्णाङ्क र त्यसको वितरण

पूर्णाङ्कका आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा प्रश्नपत्रको दायाँपट्टी शीर्ष भागमा पूर्णाङ्क ७५ राखिएको छ, तर उत्तीर्णाङ्क कति हो उल्लेख गरिएको छैन । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा सत्र ओटा प्रश्न सोधिएका छन् । प्रत्येक प्रश्नका दायाँ भागमा अङ्क निर्देश गरिएको छ ।

### शब्दभण्डार र अङ्कविभाजन

काठमाडौँमहानगरपालिकाको प्रतिनिधि प्रश्नपत्रमा शब्दभण्डार परीक्षण गर्नका लागि जम्मा १० अङ्क निर्धारण गरिएको छ । उक्त प्रश्नपत्रको प्रश्न नं. १ मा समूह (क) मा ६ शब्द दिई समूह (ख) मा ८ शब्दबाट मिल्ने शब्द पहिचान गरी उत्तर पुस्तिकामा सार्नका लागि ३ अङ्क निर्धारण गरिएको छ । त्यस्तै प्रश्न नं. २ मा खाली ठाउँ भर्नको लागि ३

अङ्क छुट्याइएको छ । प्रश्न नं. ३ मा वाक्यमा प्रयोग गर्नका लागि ४ शब्द दिई ४ अङ्क निर्धारण गरिएको छ ।

**व्याकरण रअङ्कविभाजन**

प्रतिनिधि प्रश्नको व्याकरण सिप परीक्षण गर्नका लागि जम्मा १५ अङ्कविभाजन गरिएको छ । प्र.नं. ४ (क) र (ख) वाक्य शुद्धीकरणलाई ४ अङ्क, प्र.नं. ५ मा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउ भनी ६ ओटा रेखाङ्कित शब्द दिई ३ अङ्कभार तोकिएको छ । प्र. नं. ६ मा रेखाङ्कित शब्दहरूको कारक छुट्याउ भनी १ अङ्क निर्धारण गरिएको छ । प्र.नं. ७ मा कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर भनी ६ उपप्रश्न सोधी ३अङ्कभार निर्धारण गरेको छ । त्यस्तै प्र. नं. ८ मा कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर भनी ४ ओटा उपप्रश्न सोधिएको छ, जसको अङ्कभार ४ छुट्याइएको छ । प्र. नं. ९ मा पूर्णभूत कालका चार ओटा क्रियापदको प्रयोग गरी चार वाक्यको एक अनुच्छेदमा सरस्वती पूजाको वर्णन गरी उत्तर लेख्ने प्र.नं. का लागि ४ अङ्कभार छुट्याइएको छ ।

**पढाइ सिप र अङ्कविभाजन**

प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप परीक्षणका लागि पाठगत तथा बोध प्रश्नहरू समावेश गरिएको छ । बोध प्रश्नका लागि प्र. नं. १० मा गद्यांशबाट ५ उपप्रश्न दिइएको छ भने अङ्कभार ५ निर्धारण गरिएको छ । प्र. नं. १३ मा कुनै एकको भावविस्तार गर भनी ४ अङ्कभार निर्धारण गरिएको छ भने प्र. नं. १४ मा क, ख, ग गरी ३ ओटा उपप्रश्नहरू मध्येबाट २ सङ्क्षिप्त उत्तर लेख भनेर सोधिएको छ, जसको अङ्कभार ८ रहेको छ । प्र. नं. १६ मा कुनै कको विवेचनात्मक उत्तर देउ भनी ८ अङ्कभार छुट्याएको छ । यसरी हेर्दा पढाइ सिप परीक्षणका लागि २५ अङ्कविभाजन गरी प्रश्नहरू सोधिएको छ । प्रश्नहरूको अङ्कभार विशिष्टीकरण तालिका बमोजिम नै रहेको छ, तर बोध प्रश्नको गद्यांश कम्तिमा १५० शब्दको हुनुपर्नेमा जम्मा १३३ मात्र रहेको छ ।

**लेखाइ सिप र अङ्कविभाजन**

प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सिपको परीक्षणका लागि प्र. नं. ११ मा गद्यांशबाट ४ ओटा बुँदा टिपी सारांश लेख्न भनिएको छ । जसको अङ्कभार ५ रहेको छ । प्र. नं. १२ मा

बुँदाका आधारमा कथा तयार गर्न वा संवाद तयार गर्न मध्ये कुनै एकको उत्तर लेख्नु भनिएको छ जसको र ४ तोकिएको छ । प्र. नं. १५ मा तार्किक लेखनसम्बन्धी ४ अङ्क छुट्याएको छ । प्र. नं. १७ मा ३ ओटा शीर्षक दिई कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्न भनिएको छ । जसलाई ८ अङ्कभार छुट्याएको छ । समग्रमा लेखाइ सिप परीक्षणका लागि २१ अङ्क निर्धारण गरिएको छ ।

**समय निर्धारण**

समय निर्धारणका दृष्टिले उक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको बायाँ २ : १५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक प्रश्नको उपप्रश्नमा भन्ने समय निर्धारण गरिएको पाइँदैन ।

**प्रस्तुति, अनुक्रम/स्तरण**

प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरूको अनुक्रम मिलाइएको छ । अनुक्रममा क्रमशः शब्दभण्डार, हिज्जे, व्याकरण बोध, बुँदाटिपोट र साराँश लेखन, निर्देशित रचना, जीवनी लेखन, वादविवाद लेखन, निबन्ध लेखन, भावविस्तार, सङ्क्षिप्त उत्तर, तार्किक उत्तर, विवेचनात्मक उत्तर लेख्ने प्रश्नलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुति अनुक्रमका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्दा पाठ्यक्रममा उल्लेख गरिएको मूल्याङ्कन प्रक्रिया र विशिष्टीकरण तालिकाअनुरूप तयार गरिएकाले प्रश्नपत्र उपयुक्त नै देखिन्छ ।

**प्रश्नपत्रको स्वरूप**

प्रतिनिधि प्रश्नको स्वरूपका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ :

**शीर्ष भाग**

यस आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण निम्नानुसार गरिएको छ :

| | |
|---|---|
| आधारभूत तह परीक्षा २०७५, | |
| समयः २ घण्टा १५ मिनेट | पूर्णाङ्क : ७५ |

उपर्युक्त शीर्ष भागमा कक्षा, विषय र उत्तीर्णाङ्क उल्लेख गरिएको छैन । यसकारण उक्त कुराहरूलाई पनि उल्लेख गरिएको भए अझ स्पष्ट हुने देखिन्छ ।

विद्यार्थीले उत्तर दिँदा मौलिक तथा सिर्जनात्मक शैलीमा दिनुपर्ने छ । अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन मिल्ने गरी दिइनेछ भनि शीर्ष भागमा स्पष्ट पारिएकाले उत्तम नै छ ।

**कागज**

प्रतिनिधि प्रश्नपत्रमा उपयोग गरिएको कागज बलियो र स्तरीय नै रहेको छ । कम्तीमा पनि ५० ग्रामको मध्यम खालको, चिल्लो कागजको उपयोग गरिएको छ ।

**आकार**

आकारका दृष्टिले ४ ओटा पृष्ठ रहेको छ तर पृष्ठ सङ्ख्या उल्लेख गरिएको छैन । जम्मा प्रश्न सङ्ख्या १७ रहेको छ ।

**छपाइ र सफाइ**

छपाइ र सफाइका दृष्टिले प्रश्नहरू स्पष्ट र उपयुक्त कालो मसीको प्रयोग गरिएको छ ।

**भाषा**

भाषाका दृष्टिले यस प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. २ मा कोष्ठकमा दिइएका शब्दमध्ये उपयुक्त शब्द खाली ठाउँ भर्नुहोस् भनी प्रश्न निर्देशन गरिएको छ । प्रश्नपत्रमा खाली ठाउँ भर्ने कि उत्तरपुस्तिकामा खाली भर्ने कुराको स्पष्ट भाषा किटान गरिएको छैन । प्रश्न नं. ९ मा पूर्णभूत कालका क्रियापदको प्रयोग गरी ४ वाक्यको एक अनुच्छेदमा सरस्वती पूजाको वर्णन गर्नुहोस्  भनिएको छ । उक्त प्रश्नको निर्देशनमा विद्यार्थीहरूलाई अलमल हुने स्थिति सिर्जना हुन्छ ।

**पोखरा महानगरपालिका क्षेत्रको प्रश्न विश्लेषण**

आधारभूत तह कक्षा आठको वार्षिक परीक्षा २०७५ मा पोखरा महानगरपालिका क्षेत्रमा उपयोग गरिएको नेपाली विषयको प्रश्नपत्रको बाह्य आधारमा केन्द्रित रही देहायअनुसार विश्लेषण गरेको छ ।

**निर्देशन**

निर्देशनका आधारमा शीर्ष निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन, पृष्ठ निर्देशनका आधारमा पोखरा महानगरपालिका क्षेत्रको प्रश्नपत्रविश्लेषणनिम्नानुसारगरिन्छ ।

**१. शीर्ष निर्देशन**

पोखरा महानगरपालिका क्षेत्रको प्रश्नपत्रमा शीर्ष निर्देशन निम्नानुसार गरिएको छ :

| | |
|---|---|
| आधारभूत तह परीक्षा २०७५ | |
| समयः २ घण्टा १५ मिनेट | पूर्णाङ्क : ७५ |

उपर्युक्त शीर्ष भागमा कक्षा, विषय र उत्तीर्णाङ्क उल्लेख गरिएको छैन । यसकारण उक्त कुराहरूलाई पनि उल्लेख गरिएको भए अझ स्पष्ट हुन्छ ।

विद्यार्थीले उत्तर दिँदा मौलिक तथा सिर्जनात्मक शैलीमा दिनुपर्ने छ । अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन मिल्ने गरी दिइनेछ  भनि शीर्ष भागमा स्पष्ट पारिएकाले उत्तम नै छ ।

**२. प्रश्न निर्देशन**

प्रतिनिधि प्रश्नपत्रमा प्र. नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द लेख्नुहोस् भनिएको छ, तर खाली ठाउँमा उत्तरपुस्तिकामा भर्ने की प्रश्नपत्रमा भर्ने कुराको अन्योलता देखिन्छ ।त्यस्तै प्रश्न निर्देशनका दृष्टिले प्रश्न नं. ११ मा तलको गद्यांशबाट चार ओटा बुँदा टिपी साराँश लेख्नुहोस् भनिएको छ, तर साराँश कति लेख्ने भनी खुलाइएको छैन । त्यस्तै प्रश्न नं. १२ (ख) मा ‘असल विद्यार्थीका गुण’ शीर्षकमा विवेक र हुसेनकाबिच भएको कुराकानीलाई समेटेर संवाद तयार पार्नुहोस्  भनिएको छ, तर उक्त प्रश्नमा संवाद कति लेख्ने भन्ने कुरामा अन्योलता रहेको छ ।

## ३. विकल्प निर्देशन

कक्षा आठको वार्षिक परीक्षा २०७५ मा पोखरामहानगरपालिका क्षेत्रले निर्माण गरेको प्रश्नपत्रमा विकल्प सहितका प्रश्न नं. १२, १३, १४, १६ र १७ रहेका छन् ।

प्रश्न नं. १२ मा तलकामध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : भनी (क) र (ख) गरी दुईओटा प्रश्न सोधिएको छ । प्रश्न नं. १३ मा तलकामध्ये कुनै एकको भावविस्तार गर भनी (क) र (ख) विकल्प दिइएको छ । प्रश्न नं. १४ मा कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् भनी (क), (ख) र (ग) गरी विकल्प चयन गरिएको छ । प्रश्न नं. १६ मा दुईओटा विकल्प दिई कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् भनिएको छ भने प्रश्न नं. १७ मा कुनै एक शीर्षकमा निबन्ध लेखनका लागि तीन ओटा विकल्प सहितका शीर्षकहरू दिइएको छ ।

यसरी हेर्दा विषयगत प्रश्नमा बढी विकल्प दिई प्रश्नको विश्वसनीयता र वैधता कायममा असमानता देखिएको छ ।

### अङ्कविभाजन र समय निर्धारण

प्रतिनिधि प्रश्नहरूको अङ्कविभाजन र समय निर्धारणलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

### पूर्णाङ्क र त्यसको वितरण

पूर्णाङ्कका आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा प्रश्नपत्रको दायाँपट्टी शीर्ष भागमा पूर्णाङ्क ७५ राखिएको छ । तर उत्तीर्णाङ्क कति हो उल्लेख गरिएको छैन । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा सत्र ओटा प्रश्न सोधिएका छन् । प्रत्येक प्रश्नका दायाँ भागमा अङ्क निर्देश गरिएको छ ।

### शब्दभण्डार र अङ्कविभाजन

पोखरामहानगरपालिकाको प्रतिनिधि प्रश्नपत्रमा शब्दभण्डार परीक्षण गर्नका लागि जम्मा १० अङ्क निर्धारण गरिएको छ । उक्त प्रश्नपत्रको प्रश्न नं. १ मा समूह (क) मा ६ शब्द दिई समूह (ख) मा ८ शब्दबाट मिल्ने शब्द पहिचान गरी उत्तर पुस्तिकामा सार्नका

लागि ३ अङ्क निर्धारण गरिएको छ । त्यस्तै प्रश्न नं. २ मा खाली ठाउँ भर्नको लागि ३ (क) अङ्क छुट्याइएको छ । प्रश्न नं. ३ मा वाक्यमा प्रयोग गर्नका लागि ४ शब्द दिई ४ अङ्क निर्धारण गरिएको छ ।

**व्याकरण रअङ्कविभाजन**

प्रतिनिधि प्रश्नको व्याकरण सिप परीक्षण गर्नेका लागि जम्मा १५ अङ्कविभाजन गरिएको छ । प्र. नं. ४ (क) र (ख) वाक्य शुद्धीकरणलाई ४ अङ्क, प्र. नं. ५ मा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउ भनी ६ ओटा रेखाङ्कित शब्द दिई ३ अङ्कभार तोकिएको छ । प्र. नं. ६ मा रेखाङ्कित शब्दहरूको कारक छुट्याउ भनी १ अङ्क निर्धारण गरिएको छ । प्र.नं. ७ मा कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर भनी ६ उपप्रश्न सोधी ३अङ्कभार निर्धारण गरेको छ । त्यस्तै प्र. नं. ८ मा कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर भनी ४ ओटा उपप्रश्न सोधिएको छ, जसको अङ्कभार ४ छुट्याइएको छ । प्र. नं. ९ मा सामान्य भविष्यतकालका क्रियाको प्रयोग गरी नयाँ वर्ष २०७६ को पहिलो दिन गर्ने कामको ४ वाक्यमा वर्णन गर्नुहोस् भन्ने प्र.नं. का लागि ४ अङ्कभार छुट्याइएको छ ।

**पढाइ सिप र अङ्कविभाजन**

प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप परीक्षणका लागि पाठगत तथा बोध प्रश्नहरू समावेश गरिएको छ । बोध प्रश्नका लागि प्र. नं. १० मा गद्यांशबाट ५ उपप्रश्न दिइएको छ भने अङ्कभार ५ निर्धारण गरिएको छ । प्र. नं. १३ मा कुनै एकको भावविस्तार गर भनी ४ अङ्कभार निर्धारण गरिएको छ भने प्र. नं. १४ मा क, ख, ग गरी ३ ओटा उपप्रश्नहरू मध्येबाट २ सङ्क्षिप्त उत्तर लेख भनेर सोधिएको छ, जसको अङ्कभार ८ रहेको छ । प्र. नं. १६ मा कुनै एकको विवेचनात्मक उत्तर देउ भनी ८ अङ्कभार छुट्याएको छ । यसरी हेर्दा पढाइ सिप परीक्षणका लागि २५ अङ्कविभाजन गरी प्रश्नहरू सोधिएको छ । प्रश्नहरूको अङ्कभार विशिष्टीकरण तालिका बमोजिम नै रहेको छ, तर बोध प्रश्नको गद्यांश कम्तीमा १५० शब्दको हुनुपर्नेमा जम्मा १३३ मात्र रहेको छ ।

## लेखाइ सिप र अङ्कविभाजन

प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सिपको परीक्षणका लागि प्र. नं. ११ मा गद्यांशबाट ४ ओटा बुँदा टिपी सारांश लेख्न भनिएको छ । जसको अङ्कभार ५ रहेको छ । प्र. नं. १२ मा बुँदाका आधारमा कथा तयार गर्न वा निवेदन लेख्नुहोस्मध्ये कुनै एकको उत्तर लेख्नु भनिएको छ जसको अङ्कभार ४ तोकिएको छ । प्र. नं. १५ मा तार्किक लेखनसम्बन्धी ४ अङ्क छुट्याएको छ । प्र. नं. १७ मा ३ ओटा शीर्षक दिई कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्न भनिएको छ । जसलाई ८ अङ्कभार छुट्याएको छ । समग्रमा लेखाइ सिप परीक्षणका लागि २१ अङ्क निर्धारण गरिएको छ ।

## समय निर्धारण

समय निर्धारणका दृष्टिले उक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको बायाँ २ : १५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक प्रश्नको उपप्रश्नमा भन्ने समय निर्धारण गरिएको पाइँदैन । त्यस्तै विशिष्टीकरण तालिकामा सबै प्रश्नहरूलाई छुट्टाछुट्टै समय निर्धारण गरिएको भए पनि प्रश्नहरूमा प्रत्येक प्रश्नको समय निर्धारण गरिएको पाइँदैन ।

## प्रस्तुति, अनुक्रम/स्तरण

प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरूको अनुक्रम मिलाइएको छ । अनुक्रममा क्रमशः शब्दभण्डार, हिज्जे, व्याकरण बोध, बुँदाटिपोट र साराँश लेखन, निर्देशित रचना, जीवनी लेखन, वादविवाद लेखन, निबन्ध लेखन, भावविस्तार, सङ्क्षिप्त उत्तर, तार्किक उत्तर, विवेचनात्मक उत्तर लेख्ने प्रश्नलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुति अनुक्रमका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्दा पाठ्यक्रममा उल्लेख  गरिएको मूल्याङ्कन प्रक्रिया र विशिष्टीकरण तालिकाअनुरूप तयार गरिएकाले प्रश्नपत्र उपयुक्त नै देखिन्छ ।

## प्रश्नपत्रको स्वरूप

प्रतिनिधि प्रश्नको स्वरूपका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ :

**शीर्ष भाग**

यस आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण निम्नानुसार गरिएको छ :

| | |
|---|---|
| आधारभूत तह परीक्षा २०७५ | |
| समयः २ घण्टा १५ मिनेट | पूर्णाङ्क : ७५ |

उपर्युक्त शीर्ष भागमा कक्षा, विषय र उत्तीर्णाङ्क उल्लेख गरिएको छैन । यसकारण उक्त कुराहरूलाई पनि उल्लेख गरिएको भए अझ स्पष्ट हुन्छ ।

विद्यार्थीले उत्तर दिँदा मौलिक तथा सिर्जनात्मक शैलीमा दिनु पर्ने छ । अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन मिल्ने गरी दिइनेछ भनि शीर्ष भागमा स्पष्ट पारिएकाले उत्तम नै छ ।

**कागज**

प्रतिनिधि प्रश्नपत्रमा उपयोग गरिएको कागज बलियो र स्तरीय नै रहेको छ । कम्तीमा पनि ५० ग्रामको मध्यम खालको, चिल्लो कागजको उपयोग गरिएको छ ।

**आकार**

आकारका दृष्टिले ४ ओटा पृष्ठ रहेको छ तर पृष्ठ सङ्ख्या उल्लेख गरिएको छैन । जम्मा प्रश्न सङख्या १७ रहेको छ ।

**छपाइ र सफाइ**

छपाइ र सफाइका दृष्टिले प्रश्नहरू स्पष्ट र उपयुक्त कालो मसीको प्रयोग गरिएको छ ।

**भाषा**

भाषाका दृष्टिले यस प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. २ मा कोष्ठकमा दिइएका शब्दमध्ये उपयुक्त शब्द खाली ठाउँ भर्नुहोस् भनी प्रश्न निर्देशन गरिएको छ । प्रश्नपत्रमा खाली ठाउँ भर्ने कि उत्तरपुस्तिकामा खाली भर्ने कुराको स्पष्ट भाषा किटान गरिएको छैन । प्रश्न नं. ९ मा पूर्णभूत कालका क्रियापदको प्रयोग गरी ४ वाक्यको एक अनुच्छेदमा

सरस्वती पूजाको वर्णन गर्नुहोस्  भनिएको छ । उक्त प्रश्नको निर्देशनमा विद्यार्थीहरूलाई अलमल हुने स्थिति सिर्जना हुन्छ ।

**आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण**

प्रश्नपत्रका आन्तरिक आधारअन्तर्गत निम्न उपशीर्षकहरूमा आधारित भएर प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गरिन्छ :

१. पाठ्यक्रम अनुरूपता
२. भाषिक पक्षहरूको संयोजन र सन्तुलन
३. प्रश्नपत्रमा हुनुपर्ने गुण
४. प्रश्नका विविध पक्षहरू
५. भाषा

**काठमाडौँमहानगर क्षेत्रको प्रश्नपत्र विश्लेषण**

काठमाडौँमहानगर क्षेत्रको कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक  अधारअन्तर्गत निम्न उपशीर्षकका आधारमा केन्द्रित रही प्रश्नहरूको विश्लेषण गरिएको छ :

**पाठ्यक्रम अनुरूपता**

पाठ्यक्रम अनुरूपताका आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, प्रश्नपत्रको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा प्रश्नपत्रको विश्लेषण निम्नानुसार गरिन्छ ।

**पाठ्यक्रमको उद्देश्य र प्रश्न**

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, जीवनी, निबन्ध, प्रबन्ध, चिठी, बुँदाटिपोट, वादविवाद, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ ।सो पाठ्यक्रमले नेपाली विषयका लागि कुल पूर्णाङ्क ७५, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू कथा, कविता, जीवनीको

प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिपको विकास गर्नु रहेको छ ।

### बिषयवस्तुको सीमा र प्रश्न

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्दभण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश गरिएको पाइयो भने लेखाइ सिप परीक्षणका लागि वादविवाद, बुँदाटिपोट तथा सारांश लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । यस आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएकाले उक्त प्रश्नपत्र उपयुक्त देखिन्छ ।

### विधाको अङ्कभार र प्रश्न सन्तुलन

विधाको अङ्कभार प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्दभण्डार १० अङ्क, व्याकरणका विभिन्न विधाबाट १५ अङ्क, पठनबोधबाट ५ अङ्क, बुँदाटिपोट र साराँश लेखनबाट ५ अङ्क, निर्देशित रचना (कथा, जीवनी वा संवाद, वादविवाद , चिठी) मध्येबाट ४ अङ्क, भावविस्तार व्याख्या (कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी) बाट ४ अङ्क, पाठगत प्रश्नोत्तर (कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी) ८ अङ्क, तार्किक, शील्प/समस्या समाधानबाट ४ अङ्कको, विवेचना प्रश्न १ ओटा (कथा, निबन्ध, प्रबन्ध, जीवनी) ८ अङ्क र स्वतन्त्र रचनासम्बन्धी प्रश्न १ (निबन्ध), १ ओटा ८ अङ्कको प्रश्न पाठ्यक्रमअनुरूप नै देखिन्छ । काठमाडौँमहानगर क्षेत्रको प्रश्नपत्रमा समावेश प्रश्न र अङ्कभारको सन्तुलन मिलेको देखिन्छ ।

### विधागत समय र प्रश्न सापेक्षता

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रश्नको विश्लेषण गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २ : १५ मिनेट समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरूको लागि छुट्टै समय छुट्याएको छैन । विशिष्टीकरण तालिका भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिनु तर समय

निर्धारण नगरिनु त्यति उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताअनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

**भाषिक पक्षहरूको संयोजन र सन्तुलन**

प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ, जसमा निम्नानुसार चर्चा गरिन्छ :

शब्दभण्डार अन्तर्गत

अर्थलेखन →३ अङ्क

शब्द पहिचान →३ अङ्क

वाक्यमा प्रयोग →४ अङ्क

१० = १३%

हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नअन्तर्गत

शद्ध गरी लेख्ने →२ अङ्क

शुद्ध शब्द छान्ने →२ अङ्क

४= ५%

व्याकरणअन्तर्गत

शब्दवर्ग →३ अङ्क

कारक र विभक्ति →१ अङ्क

काल, पक्ष, र भाव →३ अङ्क

वाक्य परिवर्तन →४ अङ्क

वाक्य रचना (वर्णन) →४ अङ्क

१५ = २०%

पढाइ सिप अन्तर्गत

बोध (दृष्टांश) →५ अङ्क

भावविस्तार/व्याख्या →४ अङ्क

| | |
|---|---|
| पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | →८ अङ्क |
| विवेचनात्मक प्रश्न | →८ अङ्क |
| | २५ = ३३% |

लेखाइ सिपअन्तर्गत

| | |
|---|---|
| बुँदाटिपोट र साराँश (दृष्टांश) | →५ अङ्क |
| निर्देशित रचना वर्णन | →४ अङ्क |
| तार्किक शिल्प | →४ अङ्क |
| निबन्ध लेखन | →८ अङ्क |
| | २१ = २८% |

काठमाडौँमहानगर क्षेत्रका प्रश्न विश्लेषण गर्दा शब्दभण्डार परीक्षणका लागि १३ प्रतिशत, लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणका लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिप परीक्षणका लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरेको देखिन्छ । प्रतिनिधि प्रश्न निर्माणको आधार विशिष्टीकरण तालिका अनुरूप नै भएकाले प्रश्नपत्र उपयुक्त नै रहेको छ ।

**प्रश्नका विविध पक्षहरू**

प्रश्नका विविध पक्षका आधारमा अध्ययन गर्दा विषयगत प्रश्नअन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सिर्जनात्मक, तार्किक, लेखनसम्बन्धी परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएको छ भने बस्तुगत प्रकृतिका प्रश्नअन्तर्गत अर्थलेखन, शब्द पहिचान, वर्णविन्यास, व्याकरण तत्त्वको पहिचान गर्न सक्ने प्रश्नहरू पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएका छन् ।

**पोखरा महानगर क्षेत्रको प्रश्न विश्लेषण**

पोखरा महानगर क्षेत्रको कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक  अधारअन्तर्गत निम्न उपशीर्षकका आधारमा केन्द्रित रही प्रश्नहरूको विश्लेषण गरिएको छ :

## पाठ्यक्रम अनुरूपता

पाठ्यक्रम अनुरूपताका आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्‌देश्य, विधा, क्षेत्र, प्रश्नपत्रको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा प्रश्नपत्रको विश्लेषण निम्नानुसार गरिन्छ ।

## पाठ्यक्रमको उद्‌देश्य र प्रश्न

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, जीवनी, निबन्ध, प्रबन्ध, चिठी, बुँदाटिपोट, वादविवाद, व्याकरण र शब्दभण्डार गरी ९ ओटा विधा समावेश गरेको छ ।सो पाठ्यक्रमले नेपाली विषयका लागि कुल पूर्णाङ्क ७५, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू कथा, कविता, जीवनीको प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिपको विकास गर्नु रहेको छ ।

## विषयवस्तुको सीमा र प्रश्न

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्दभण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश गरिएको पाइयो भने लेखाइ सिप परीक्षणका लागि वादविवाद, बुँदाटिपोट तथा साराँश लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । यस आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएकाले उक्त प्रश्नपत्र उपयुक्त देखिन्छ ।

## विधाको अङ्कभार र प्रश्न सन्तुलन

विधाको अङ्कभार प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्दभण्डार १० अङ्क, व्याकरणका विभिन्न विधाबाट १५ अङ्क, पठनबोधबाट ५ अङ्क, बुँदाटिपोट र साराँश लेखनबाट ५ अङ्क, निर्देशित रचना (कथा, जीवनी वा संवाद, वादविवाद , चिठी) मध्येबाट ४ अङ्क, भावविस्तार व्याख्या (कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी) बाट ४ अङ्क, पाठगत प्रश्नोत्तर (कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी) ८ अङ्क,

तार्किक, शील्प/समस्या समाधानबाट ४ अङ्कको, विवेचना प्रश्न १ ओटा (कथा, निबन्ध, प्रबन्ध, जीवनी) ८ अङ्क र स्वतन्त्र रचनासम्बन्धी प्रश्न १ (निबन्ध), १ ओटा ८ अङ्कको प्रश्न पाठ्यक्रमअनुरूप नै देखिन्छ । काठमाडौँमहानगर क्षेत्रको प्रश्नपत्रमा समावेश प्रश्न र अङ्कभारको सन्तुलन मिलेको देखिन्छ ।

### विधागत समय र प्रश्न सापेक्षता

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रश्नको विश्लेषण गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २ : १५ मिनेट समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरूको लागि छुट्टै समय छुट्याएको छैन । विशिष्टीकरण तालिका भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिनु तर समय निर्धारण नगरिनु त्यति उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताअनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

### भाषिक पक्षहरूको संयोजन र सन्तुलन

प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ, जसमा निम्नानुसार चर्चा गरिन्छ :

शब्दभण्डार अन्तर्गत

अर्थ लेखन → ३ अङ्क

शब्द पहिचान → ३ अङ्क

वाक्यमा प्रयोग → ४ अङ्क

१० = १३%

हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नअन्तर्गत

शद्ध गरी लेख्ने → २ अङ्क

शुद्ध शब्द छान्ने → २ अङ्क

४= ५%

व्याकरणअन्तर्गत

शब्दवर्ग → ३ अङ्क

कारक र विभक्ति → १ अङ्क

काल, पक्ष, र भाव → ३ अङ्क

वाक्य परिवर्तन → ४ अङ्क

वाक्य रचना (वर्णन) → ४ अङ्क

१५ = २०%

पढाइ सिपअन्तर्गत

बोध (दृष्टांश) → ५ अङ्क

भावविस्तार/व्याख्या → ४ अङ्क

पाठगतप्रश्नोत्तर(सङ्क्षिप्तउत्तरात्मक) → ८ अङ्क

विवेचनात्मक प्रश्न → ८ अङ्क

२५ = ३३%

लेखाइ सिपअन्तर्गत

बुँदाटिपोट र साराँश (दृष्टांश) → ५ अङ्क

निर्देशित रचना वर्णन → ४ अङ्क

तार्किक शिल्प → ४ अङ्क

निबन्ध लेखन → ८ अङ्क

२१ = २८%

पोखरा महानगर क्षेत्रका प्रश्न विश्लेषण गर्दा शब्दभण्डार परीक्षणका लागि १३ प्रतिशत, लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणका लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिप परीक्षणका लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरेको देखिन्छ । प्रतिनिधि प्रश्न निर्माणको आधार विशिष्टीकरण तालिका अनुरूप नै भएकाले प्रश्नपत्र उपयुक्त नै रहेको छ ।

**प्रश्नका विविध पक्षहरू**

प्रश्नका विविध पक्षका आधारमा अध्ययन गर्दा विषयगत प्रश्नअन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सिर्जनात्मक, तार्किक, लेखनसम्बन्धी परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएको छ भने बस्तुगत प्रकृतिका प्रश्नअन्तर्गत अर्थलेखन, शब्द पहिचान, वर्णविन्यास, व्याकरण तत्त्वको पहिचान गर्न सक्ने प्रश्नहरू पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएका छन् ।

# अध्याय पाँच

# विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण

## शब्दभण्डारका आधारमा प्रश्नहरूको विश्लेषण

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार काठमाडौँमहानगरपालिका क्षेत्र र पोखरा महानगरपालिका क्षेत्रअन्तर्गत कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

१. शब्द भण्डारका आधारमा प्रश्नपत्रको विश्लेषण
२. हिज्जे (वर्णविन्यास र लेख्य) चिह्नका आधारमा प्रश्नपत्रको विश्लेषण
३. व्याकरणका आधारमा प्रश्नपत्रको विश्लेषण
४. बोध (दृष्टांश) प्रश्नपत्रको विश्लेषण
५. बुँदाटिपोट र सारांश लेखनका आधारमा प्रश्नपत्रको विश्लेषण
६. निर्देशित रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण
७. भावविस्तार/व्याख्याका आधारमा प्रश्नपत्रको विश्लेषण
८. पाठगत प्रश्नोत्तरका आधारमा प्रश्नपत्रको विश्लेषण
९. विवेचनात्मक प्रश्नोत्तरका आधारमा प्रश्नपत्रको विश्लेषण
१०. स्वतन्त्र रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

## शब्दभण्डारका आधारमा प्रश्नपत्रको विश्लेषण

शब्दभण्डारका आधारमा काठमाडौँ रपोखरा महानगरपालिका स्तरीय प्रश्नपत्रको विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका १

*शब्दभण्डार सम्बन्धी स्थिति*

| प्रश्नपत्र | क्षेत्र | (विधा | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पढाई र लेखाइ) | परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | शब्द भण्डार | अर्थलेखन | १ | | | | १ | १ | ३ | ५ |
| | | शब्द पहिचान | १ | | | | १ | १ | ३ | ५ |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | ४ | ७ |
| पोखरा | शब्द भण्डार | अर्थलेखन | १ | | | | १ | १ | ३ | ५ |
| | | शब्द पहिचान | १ | | | | १ | १ | ३ | ५ |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | ४ | ७ |

काठमाडौँ र पोखरा महानगरपालिकाको कक्षा आठको वार्षिक परीक्षा २०७५ मा सोधिएका प्रतिनिधि प्रश्नहरूको शब्द भण्डारका आधारमा प्रश्न अध्ययन गर्दा (क) अर्थ लेखन (ख) शब्द पहिचान (ग) वाक्यमा प्रयोगसम्बन्धी क्षेत्रहरूलाई समावेश गरिएको छ । जसलाई निम्नानुसार व्याख्या गरिएको छ :

**(क) अर्थ लेखनका आधारमा**

अर्थ लेखनसम्बन्धी प्रश्न दुवै महानगर क्षेत्रका प्रश्नपत्रको प्रश्न नं. १ मा सोधिएको छ । ज्ञानसँग सम्बन्धित ६ ओटा शब्दको अर्थ (तत्सम, तद्भव र आगन्तुक) समेत पर्ने गरी विशिष्टीकरण तालिकाका आधारमा निर्माण गरिएका छन् । समुह (क) मा दिइएका शब्दहरूको अर्थ समुह (ख) बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् भनेर प्रश्न निर्देशन गरिएको छ । जम्मा अङ्कभार ३ तोकिएको छ । प्रश्नपत्र विशिष्टीकरण तालिका बमोजिम नै निर्माण गरिए पनि समय निर्देश भने गरिएको छैन ।

### (ख) शब्द पहिचान

शब्द पहिचान ज्ञानसम्बन्धी दुईओटै महानगर क्षेत्रको प्रश्न नं. २ मा सोधिएको छ। विशिष्टीकरण तालिकाका आधारमा पाठमा प्रयुक्त अनेकार्थी, पर्यायवाची, विपरीतार्थी, समावेशक गरी जम्मा ६ ओटा शब्द पहिचानका लागि ३ अङ्कभार छुट्याइएको छ। काठमाडौँ महानगरपालिकाले अनेकार्थी शब्दबाट दुईओटा प्रश्न समावेश गरेको पाइन्छ, भने पोखरा महानगरपालिकाले पर्यायवाची शब्दबाट दुईओटा प्रश्न समावेश गरेको छ। यसरी हेर्दा विशिष्टीकरण तालिकामा पनि अनेकार्थीबाट दुईओटा र पर्यायवाचीबाट दुईओटा शब्द पहिचानसम्बन्धी प्रश्न सोध्न निर्देश गरिएको छ। त्यसैले काठमाडौँ महानगरपालिकाले अनेकार्थीबाट दुईओटा र पोखरा महानगरपालिकाले पर्यायवाचीबाट दुईओटा प्रश्न सोधेको छ जुन विशिष्टीकरण तालिकाअनुरूप नै छ।

### (ग) वाक्यमा प्रयोग

वाक्यमा प्रयोगसम्बन्धी प्रश्न दुईओटै महानगर क्षेत्रका प्रश्नपत्रको प्रश्न नं. ३ मा सोधिएको छ। जसको अङ्कभार ४ तोकिएको छ। विशिष्टीकरण तालिकाअनुसार पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द (अनुकरणात्मक शब्द १, पारिभाषिक/प्राविधिक शब्द १, उखानटुक्का १ समेत पर्ने गरी) ४ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने भनिएको छ, तर पोखरा महानगरपालिकमा निपात शब्द समावेश गरेर वाक्यमा प्रयोग गर्ने प्रश्न सोधिएको छ , जुन विशिष्टीकरण तालिकाअनुरूप देखिदैन। काठमाडौँ महानगरपालिकामा वाक्यमा प्रयोग गर्ने सम्बन्धी प्रश्न विशिष्टीरण तालिकाअनुरूप नै सोधिएको छ।

### हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नका आधारमा प्रश्नहरूको विश्लेषण

हिज्जे र लेख्य चिह्नका आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका २

*हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नसम्बन्धी*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ |
| | | | | | १ | | १ | १ | २ | ४ |
| पोखरा | हिज्जे ( वर्णविन्यास) र लेख्य चिह्न | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ |
| | | | | | १ | | १ | १ | २ | ४ |

हिज्जेसम्बन्धी वर्णविन्यास लेख्य चिह्नका आधारमा प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणका लागि प्रश्न नं. ४ भित्र दुईओटा उपप्रश्नहरू समावेश गरिएको छ । जसको अङ्कभार ४ निर्धारण गरिएको छ । प्रश्न नं. ४ (क) मा एउटा शब्दमा एउटा मात्र अशुद्धी पर्ने गरी वर्णविन्यास ३ ओटा र लेख्य चिह्न १ ओटा पर्ने गरी ४ ओटा अशुद्धी भएको गद्यांश दिई शुद्ध गर्न भनिएको छ । त्यस्तै उपप्रश्न २ (ख) मा ह्रस्व दीर्घ, य-ए, ब-व, श/ष/स, पञ्चम वर्ण, शीरविन्दुबाट ४ ओटा बहुवैकल्पिक प्रश्न सोधिएको छ । यसरी दुईओटै महानगरपालिकाका प्रश्नपत्रको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार नै रहेको देखिन्छ ।

**व्याकरणका आधारमा प्रश्नहरूको विश्लेषण**

व्याकरणका आधारमा काठमाडौँ र पोखरा महानगर स्तरीय प्रश्नपत्रको विशिष्टीकरण तालिकाको आधारमा निम्नानुसार विश्लेषण गएिको छ :

तालिका ३

*व्याकरणसम्बन्धी प्रश्न*

| प्रश्नपत्र | क्षेत्र (पढाइ र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | प्रश्न सङ्ख्या अङ्कमा र समय जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| काठमाडौँ | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ३ | |
| | | कारक र विभक्ति | | | १ | | १ | १ | १ | |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ३ | |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ४ | |
| | | वाक्य रचना ( वर्णन) | | | १ | | १ | १ | ४ | |
| पोखरा | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ३ | |
| | | कारक र विभक्ति | | | १ | | १ | १ | १ | |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ३ | |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ४ | |
| | | वाक्य रचना वर्णन) | | | १ | | १ | १ | ४ | |

व्याकरणका दृष्टिले कक्षा आठको परीक्षा २०७५ मा सोधिएका दुईओटा महानगर क्षेत्रका प्रश्नहरूअन्तर्गत (क) शब्दवर्ग (ख) कारक र विभक्ति (ग) काल, पक्ष र भाव (घ) वाक्य परिवर्तन (ङ) वाक्य रचनाका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### (क) शब्दवर्गका आधारमा प्रश्नपत्रको विश्लेषण

शब्दवर्गका आधारमा दुईओटै महानगर क्षेत्रका प्रश्नहरूको विश्लेषण गरी अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणका लागि एक ओटा प्रश्न निर्माण गरिएको छ । यसको अङ्कभार ३ निर्धारण गरिएको छ । दुवै प्रश्न नं. को प्र.नं. ५ अन्तर्गतशब्दवर्गमारेखाङ्कित

गरी ६ ओटा पदवर्ग छुट्याउन लगाइएको छ । जुन विशिष्टीकरण तालिकाअनुरूप नै देखिन्छ ।

**(ख) कारक र विभक्तिका आधारमा प्रश्नपत्रको विश्लेषण**

कारक र विभक्तिका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणसम्बन्धी प्र.नं. ६ मा सोधिएको छ जसको अङ्कभार १ रहेको छ । पाठ्यक्रमको विशिष्टीकरण तालिकाअनुसार दिइएको वाक्यबाट रेखाङ्कित शब्दहरूको २ ओटा कारक छुट्याउने वा विभक्ति छुट्याउन लगाउने भनिएको छ जुन विशिष्टीकरण तालिकाअनुरूप नै देखिन्छ ।

**(ग) काल, पक्ष र भावका आधारमा प्रश्नहरूको विश्लेषण**

काल, पक्ष र भावका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षण गर्नका लागि प्र.नं. ७ मा ३ अङ्कभारको प्रश्न सोधिएको छ। दुवै महानगर क्षेत्रका प्रश्नपत्रमा काल, पक्ष र भावबाट ६ ओटा धातु सङ्केत गरी ६ ओटा वाक्यमा खाली ठाउँ भर्नुहोस् भनेर प्रश्न निर्देश गरिएको छ। जुन विशिष्टीकरण तालिकाअनुसार नै छ।

**(घ) वाक्य परिवर्तनका आधारमा प्रश्नपत्रको विश्लेषण**

विशिष्टीकरण तालिकाअनुसार लिङ्ग, वचन, आदर गरी २ वाच्य १, करण /अकरण १ वाक्य कोटिका प्रश्न सोधी वाक्य परिवर्तन गर्न लगाउन भनिएको छ। यहाँ विशिष्टीकरण तालिकाअनुसार नै दुवै महानगर क्षेत्रमा प्र.नं. ८ मा ४ अङ्कभारको प्रश्न सोधिएको छ।

**(ङ) वाक्य रचना (वर्णन)काआधारमा प्रश्नपत्रको विश्लेषण**

वाक्य रचनासम्बन्धी दुईओटै प्रश्नपत्रको प्र.नं. ९ मा सोधिएको छ । विशिष्टीकरण तालिकाका आधारमा प्रश्नको अध्ययन गर्दा क्रियाको खास काल, पक्ष वा भावको कोटि तोकेर न्यूनतम ४ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने भनिएको छ । प्रतिनिधि प्रश्नको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणका लागि १ प्रश्नको अङ्कभार ४ निर्धारण गरिएको छ ।

## बोध (दृष्टांश) का आधारमा प्रश्नपत्रको विश्लेषण

तालिका ४

*बोध (दृष्टांश)*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | बोध (दृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ |
| पोखरा | बोध (दृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ |

विशिष्टीकरण तालिकाअनुसार विभिन्न लेख रचनाहरूबाट १५० शब्दसम्मको दृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै ५ प्रश्न सोध्ने भनिएको छ । जसको अङ्कभार ५ तोकिएको छ । विशिष्टीकरण तालिकामा गद्यांशमा १५० शब्द हुनुपर्ने भनिए तापनि काठमाडौँ महानगर क्षेत्रको प्रश्नपत्रमा १३३ शब्द र पोखरा महानगर क्षेत्रको प्रश्नपत्रमा जम्मा ९५ ओटा शब्द मात्र रहेका छन् । यसरी विशिष्टीकरण तालिकालाई दृष्टिगत गर्दा दुवै महानगर क्षेत्रको प्रश्नपत्रको गद्यांशमा शब्दहरू तोकिएको भन्दा कम राखिएको देखिन्छ ।

## बुँदाटिपोट र सारांश लेखनका आधारमा प्रश्नपत्रको विश्लेषण

तालिका ५

*बुँदाटिपोट र सारांशका आधारमा*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ |
| पोखरा | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ |

बुँदाटिपोट र सारांश लेखनसम्बन्धी प्रश्नको अध्ययन गर्दा दुवै महानगर क्षेत्रका प्रश्नपत्रहरूको प्र. नं. ११ मा उच्च दक्षता सिपको परीक्षण गर्ने देष्टिले १ प्रश्न सोधिएको छ । जसको अङ्कभार ५ रहेको छ । विशिष्टीकरण तालिकाअनुसार गद्य विधाका पाठबाट १०० शब्दसम्मको गद्यांश दिई ४ ओटा बुँदा टिपी सारांश लेख्न भनिएको छ । जसका लागि ९ मिनेट समय छुट्याइएको छ । काठमाडौँ महानगर क्षेत्रको प्रश्नको गद्यांशमा ८९ शब्द र पोखरा महानगर क्षेत्रको प्रश्नको गद्यांशमा ८५ शब्द राखिएको छ । यसरी हेर्दा कम्तिमा पनि विशिष्टीकरण तालिकाले तोके बमोजिम शब्द प्रयोग गरिएको पाइँदैन ।

## निर्देशित रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

तालिका ६

*निर्देशित रचनाका आधारमा प्रश्नपत्रको अध्ययन*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | निर्देशित रचना | कथा/जीवनी वा वादविवाद, संवाद, चिठीलेखन | | | | २ | २ | १ | ४ | ७ |
| पोखरा | निर्देशित रचना | कथा/जीवनी वा वादविवाद, संवाद, चिठीलेखन | | | | २ | २ | १ | ४ | ७ |

काठमाडौँ र पोखरा महानगरपालिकाको कक्षा आठको परीक्षा २०७५ मा उपयोग गरिएको प्रश्नपत्रलाई निर्देशित रचनाका आधारमा अध्ययन गर्दा दुवै महानगर क्षेत्रको प्र. नं. १२ मा समावेश गरिएको छ । काठमाडौँ महानगर क्षेत्रको प्रश्नपत्रको प्र. नं. १२ (क) मा कथा विधाबाट र (ख) मा संवाद विधाबाट प्रश्नहरू सोधिएको छ । पोखरा महानगर क्षेत्रको प्रश्नपत्रको प्र. नं. १२ (क) कथाबाट र (ख) मा चिठी विधाबाट प्रश्न समावेश गरिएको छ । प्रतिनिधि प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार नै छ ।

**भावविस्तार/व्याख्याका आधारमा प्रश्नपत्रको विश्लेषण**

तालिका ७

*भावविस्तार/व्याख्याका आधारमा प्रश्नपत्रको विश्लेषण निम्नानुसार छ :*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | भावविस्तार/व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ४ | ७ |
| पोखरा | भावविस्तार/व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ४ | ७ |

दुवै महानगर क्षेत्रमा उपयोग गरिएको कक्षा आठको वार्षिक परीक्षा २०७५ का प्रश्नहरूलाई अध्ययन गर्दा भाव विस्तारसम्बन्धी उच्च दक्षता परीक्षणका निम्ति दुईओटा प्रश्नहरू सोधिएको छ । जसको अङ्कभार ४ निर्धारण गरिएको छ । विशिष्टीकरण तालिका अनुसार भावविस्तार/व्याख्यासम्बन्धी प्रश्नको अध्ययन गर्दा कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी विधाका २ विशिष्ट पंक्ति दिई कुनै एकको व्याख्या, भावविस्तार वा तात्पर्य खुलाउन लगाउने (यसमा कविताको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने छ) भनिएको छ । यस आधारमा हेर्दा दुवै महानगर क्षेत्रका प्रश्नमा कविता विधाबाट १ प्रश्न समावेश गरिएको छ । यसरी विशिष्टीकरण तालिकाका आधारमा २०७५ को दुवै महानगर क्षेत्रको भाव विस्तारसम्बन्धी सोधिएको प्रश्न उपयुक्त नै छ ।

## पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) का आधारमा प्रश्नपत्रको अध्ययन

तालिका ८

*पाठगत प्रश्नोत्तरका आधारमा प्रश्नपत्रको अध्ययन निम्न छन् :*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | १ | १ | | १ | ३ | २ | ८ | १५ |
| | | तार्किक शिल्प, समस्या समाधान | | | | १ | १ | १ | ४ | ७ |
| पोखरा | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | १ | १ | | १ | ३ | २ | ८ | १५ |
| | | तार्किक शिल्प, समस्या समाधान | | | | १ | १ | १ | ४ | ७ |

काठमाडौँ र पोखरा महानगर क्षेत्रअन्तर्गत कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूमध्ये पाठगत प्रश्नोत्तरका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ ।

### (क) सङ्क्षिप्त उत्तरात्मक प्रश्न

दुवै महानगर क्षेत्रमा कक्षा आठको वार्षिक परीक्षा २०७५ का प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाको आधारमा विश्लेषण गर्दा दुईओटै महानगर क्षेत्रका प्र. नं. १४ मा सङ्क्षिप्त उत्तरात्मक प्रश्नपत्र राखिएको छ । प्रश्नको तहलाई हेर्दा ज्ञान, बोध र उच्च दक्षताबाट ३ प्रश्नहरू सोधिएको छ र कुनै दुई प्रश्नको उत्तर दिनुहोस् भनिएको छ । अङ्कभार ८ तोकिएको छ । विशिष्टीकरण तालिकामा १५ मिनेट समय तोकिए तापनि प्रश्नपत्रमा समय तोकिएको पाइँदैन ।

विशिष्टीकरण तालिकाअनुसार सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको अध्ययन गर्दा निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनीबाट मूलभाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ३ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी २ ओटाको उत्तर दिन लगाउने भनिएको छ । यस आधारमा उक्त प्रश्न विशिष्टीकरण तालिकाअनुरूप नै रहेको पाइन्छ ।

### प्रश्न विवेचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

तालिका ९

*प्रश्न विवेचनाका आधारमा प्रश्नपत्रको विश्लेषण निम्न छ :*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौँ | विवेचना | कथा, निबन्ध, प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ८ | १५ |
| पोखरा | विवेचना | कथा, निबन्ध, प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ८ | १५ |

कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका काठमाडौँ र पोखरा महानगर क्षेत्रका प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दा तोकिएको प्रश्नपत्रको प्र. नं. १६ मा विवेचनात्मक उत्तर दिने प्रश्न समावेश गरिएको छ । जसमा कथा, जीवनी, निबन्ध विधाबाट प्रश्न निर्माण गरिएको छ । उच्च दक्षता परीक्षाका लागि दुई ओटा प्रश्न सोधी एउटाको उत्तर दिनुहोस् भनिएको छ । अङ्कभार ८ रहेको छ भने समय १५ मिनेट रहेको छ । प्रतिनिधि प्रश्न विशिष्टीकरण तालिकाअनुरूप नै रहेको छ ।

## स्वतन्त्र रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

तालिका १०

*स्वतन्त्र रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा सङ्ख्या | समय |
| काठमाडौं | स्वतन्त्र रचना | निबन्ध | | | | १ | १ | १ | ८ | १५ |
| पोखरा | स्वतन्त्र रचना | निबन्ध | | | | १ | १ | १ | ८ | १५ |

स्वतन्त्र रचनाका आधारमा विशिष्टीकरण तालिकाअनुसार आत्मपरक १ र बस्तुपरक २ पर्ने गरी ३ शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्न भनिएको छ । कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका दुवै महानगर क्षेत्रमा प्रश्नपत्रहरूको स्वतन्त्र रचना परीक्षणका लागि आत्मपरक र बस्तुपरक निबन्धभित्रबाट ३ ओटा शीर्षकमध्ये एउटा शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् भनिएको छ । जसको लागि ८ अङ्कभार निर्धारण गरिएको छ । तर विशिष्टीकरण तालिकामा निबन्ध लेखनका लागि १५ मिनेट समय छुट्याइएको भए पनि प्रश्नपत्रमा समय छुट्याइएको छैन ।

# अध्याय छ

# महानगर स्तरका प्रश्नहरूको तुलनात्मक विश्लेषण

काठमाडौँ र पोखरा महानगरपालिका क्षेत्रमा कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका नेपाली विषयको प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रको बाह्य आधारअन्तर्गत निर्देशन, अङ्कविभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम/स्तरण, स्वरूप र भाषा शीर्षकका उपशीर्षकमा केन्द्रित रही विश्लेषण गरिएको छ । आन्तरिक आधारअन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्षहरू, भाषा पक्षमा केन्द्रित रही प्रश्नपत्रको विश्लेषण गरिएको छ । दुवैमा महानगर क्षेत्रमा प्रश्नपत्र विश्लेषणका आन्तरिक र बाह्य आधारमा कक्षा आठको परीक्षा २०७५ मा नेपाली विषयको परीक्षामा उपयोग गरिएका प्रश्नहरूमा के कस्ता समानता वा भिन्नताहरू रहेका छन् भन्ने कुराको विश्लेषण निम्नानुसार गरिन्छ :

## बाह्य विशेषताका आधारमा प्रश्नपत्रको तुलना

बाह्य विशेषताका आधारमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम/स्तरण, प्रश्नपत्रको स्वरूप, कागज, भाषाका शीर्षक उपशीर्षकमा केन्द्रित गरी दुई महानगर क्षेत्रका प्रश्नपत्रको विश्लेषण निम्नानुसार छ :

### निर्देशन

प्रतिनिधि प्रश्नपत्रको निर्देशनका आधारमा शीर्ष निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन र पृष्ठ निर्देशनको विश्लेषण गरिएको छ ।

### (क) शीर्ष निर्देशन

दुईओटै महानगर क्षेत्रका प्रश्नपत्रको प्रश्नमा आधारभूत तह परीक्षा २०७५ भनी उल्लेख गरिएको छ । समय र पूर्णाङ्क स्पष्ट रूपमा उल्लेख गरिए तापनि उत्तीर्णाङ्क, कक्षा र विषय भने उल्लेख गरिएको पाइँदैन । यसरी प्रतिनिधि प्रश्नको शीर्ष निर्देशनका आधारमा अध्ययन विश्लेषण गर्दा कक्षा, विषय र उत्तीर्णाङ्क स्पष्ट रूपमा उल्लेख नगरिएकाले विद्यार्थीहरू अलमलमा पर्ने देखिन्छ । शीर्ष निर्देशनअन्तर्गत दुवै महानगर क्षेत्रको

प्रश्नपत्रमा विद्यार्थीले उत्तर दिँदा मौलिक तथा सिर्जनात्मक शैलीमा दिनुपर्ने छ । अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन मिल्ने गरी दिइनेछ भनी स्पष्ट प्रश्न निर्देश दिइएको छ ।

**(ख) प्रश्न निर्देशन**

काठमाडौँ र पोखरा नगर क्षेत्रको प्रश्नलाई प्रश्न निर्देशका आधारमा तुलना गर्दा शीर्ष भागमा तलका सबै प्रश्नहरूको उत्तर लेख्नुहोस् भनिएको छ । त्यस्तै दुवै महानगर क्षेत्रको प्र. नं. २, ३, ४, ५, ६, ८, ११, १२, १३, १६, १७ मा निर्देशक ( : ) चिह्नको प्रयोग गरिएको छ भने पोखरा महानगर क्षेत्रको प्र. नं. ७ र १४ मा समेत ( : ) चिह्नको प्रयोग गरिएको छ । दुवै महानगर क्षेत्रको प्रतिनिधि प्रश्नमा निर्देशक चिह्न ( : ) अनावश्यक रूपमा प्रयोग गरिएको देखिन्छ । प्र. नं. १२ को उपप्रश्न (क) मा ( : ) चिह्नको प्रयोग गरिएको छ, भने (ख) मा ( । ) चिह्नको प्रयोग गरिएको छ ।

**(ग) विकल्प निर्देशन**

काठमाडौँ र पोखरा महानगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा विकल्प प्रश्नलाई अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएकाले तुलनात्मक रूपमा प्रश्नहरूमा एकरूपता पाइन्छ ।

**(घ) पृष्ठ निर्देशन**

दुवै महानगर क्षेत्रका प्रश्नहरू दुई पृष्ठमा निर्माण गरिए पनि पृष्ठ सङ्ख्या उल्लेख गरिएको छैन । त्यस्तै प्रश्नपत्रको अन्तिममा समाप्त भनी उल्लेख गरिएको छैन । यसकारण दुवै प्रश्नपत्रको पृष्ठको अन्तमा पृष्ठ सङ्ख्या र प्रश्नपत्रको समाप्तिपछि समाप्त भनेर उल्लेख गरेको भए अझै राम्रो हुने देखिन्छ ।

**अङ्क विभाजन र समय निर्धारण**

अङ्क विभाजन र समय निर्धारणका आधारमा दुईओटै महानगर क्षेत्रका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा २ : १५ घण्टा समय तथा ७५ पूर्णाङ्क उल्लेख गरिएको छ । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा जम्मा १७ ओटा प्रश्न सोधिएको

छ । प्रत्येक प्रश्नको दायाँ भागमा अङ्क निर्देशन गरिएपनि समय भने निर्धारण गरिएको छैन । यसरी दुईओटै महानगर क्षेत्रको प्रश्नपत्रमा तुलनात्मक रूपमा एकरूपता रहेको छ ।

### प्रस्तुति अनुक्रम

दुईओटै महानगर क्षेत्रको प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुति र अनुक्रम क्रमश : ज्ञान, बोध, सिप तथा तार्किक क्षमताको परीक्षण गर्न सकिने खालका प्रश्नहरू रहेका छन् । दुवै महानगर क्षेत्रमा भाषिक मूल्याङ्कनका प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप समावेश गरिएकाले प्रस्तुति अनुक्रममा समानता देखिन्छ ।

### प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूपअन्तर्गत शीर्ष भागमा दुवै महानगर क्षेत्रको प्रश्नपत्रमा आधारभूत तह परीक्षा २०७५ भनी उल्लेख गरिएको छ । समय, पूर्णाङ्क स्पष्ट उल्लेख गरिए तापनि कक्षा, विषय र उत्तीर्णाङ्क भने उल्लेख गरिएको छैन । प्रश्नपत्रको आकारका दृष्टिले हेर्दा प्रतिनिधि प्रश्न २ पृष्ठमा संरचित छन् । अक्षरको आधार १२ प्वाइन्टको छ । प्रश्नपत्रको दायाँ र बायाँ, सिरान र पुच्छरमा एक इन्च खाली राख्नुपर्ने भए पनि यसमा एकरूपता पाइँदैन । दुवै महानगर क्षेत्रको प्रश्नपत्रको कागज सेतो, चिप्लो र कम्तीमा पनि ५० ग्रामको रहेकाले उपयुक्त छ र प्रश्नपत्रमा कालो मसीको प्रयोग गरिएको छ । उपर्युक्त प्रश्नपत्रमा हुनुपर्ने आधारहरू विशिष्टीकरणअनुरूप नै छन् ।

### आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

आन्तरिक आधारअन्तर्गत निम्नलिखित पक्षमा केन्द्रित रही प्रश्नपत्रको तुलनात्मक अध्ययन गरिएको छ :

### पाठ्यक्रमको उद्देश्य र प्रश्न

काठमाडौँ र पोखरा महानगर क्षेत्रका प्रश्नपत्रको तुलना गर्दा उद्देश्य, विधा, क्षेत्र, प्रश्नपत्रको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा विभाजन गरिएको छ । दुवै महानगर क्षेत्रका प्रश्नपत्रहरूमा आधारभूत तह पाठ्यक्रम २०६९ ले निर्देशन दिएअनुरूप

पढाइ सिपका लागि कथा, कविता, जीवनी तथा लेखाइ सिपका लागि बुँदाटिपोट, सारांश तथा वादविवाद विधाबाट प्रश्नहरू समावेश गरिएका छन् ।

बोध प्रश्न विशिष्टीकरण तालिकाअनुसार १५० शब्दको हुनुपर्ने भनिए तापनि काठमाडौँ महानगर क्षेत्रमा सोधिएको अनुच्छेदमा १३३ र पोखरा महानगर क्षेत्रको प्रश्नपत्रमा ९५ शब्दका अनुच्छेद रहेका छन् । विशिष्टीकरण तालिकाअनुसार पोखराभन्दा काठमाडौँ महानगर क्षेत्रको बोध प्रश्न उपयुक्त देखिन्छ ।

बुँदाटिपोट वा साराँश लेखन प्रश्नमा विशिष्टीकरण तालिकाअनुसार १०० शब्द सम्मको गद्यांश विधाबाट ४ ओटा बुँदाहरू टिप्न लगाउने भनिएको छ, तर दुवै महानगर क्षेत्रको प्रश्नपत्रलाई शब्द सङ्ख्याका आधारमा तुलना गर्दा काठमाडौँ क्षेत्रको प्रश्नमा ८९ शब्द र पोखरा क्षेत्रको प्रश्नपत्रमा ८५ शब्दको गद्यांश राखिएको छ । दुबै प्रश्नपत्रमा १०० शब्द नपुगे पछि प्रतिनिधि प्रश्नको तुलना गर्दा बढी ८९ शब्दको गद्यांश काठमाडौं महानगर क्षेत्रको प्रश्नपत्रमा रहेकाले उक्त प्रश्नले उपयुक्त मान्न सकिन्छ ।

### विषयवस्तुको क्षेत्र र सीमा

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्दभण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश गरेको पाइन्छ । लेखाइ सिप परीक्षणका लागि वादविवाद, बुँदाटिपोट तथा सारांश निबन्ध लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको छ । दुईओटै महानगर क्षेत्रका प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही सोधिएकाले प्रश्नपत्रमा समानता रहेको देखिन्छ ।

### विधाको अङ्कभार र प्रश्न सन्तुलन

दुईओटै महानगर क्षेत्रमा विधाको अङ्कभार र प्रश्न सन्तुलनका आधारमा तुलना गर्दा २ ओटै प्रश्नपत्रमा शब्दभण्डार अन्तर्गत १३ %, वर्णविन्यास र लेख्य चिह्नअन्तर्गत ५ %, व्याकरणअन्तर्गत २० % , पढाइ सिपअन्तर्गत ३३ %, लेखाइ सिपअन्तर्गत २८ % गरी प्रश्नहरू सोधिएको छ । सवै विधाबाट समान अङ्कभार भए पनि पोखरा महानगरपालिका क्षेत्रको वाक्यमा प्रयोगसम्बन्धी प्रश्न नं. ३ अन्तर्गत निपात शब्दबाट प्रश्न सोधिएको छ,

जुन प्रश्न विशिष्टीकरण तालिकामा समावेश गरिएको छैन । काठमाडौँ महानगरपालिका क्षेत्रको प्रश्नपत्र पनि विशिष्टीकरण तालिकाअनुरूप नै छ ।

**विधागत समय र प्रश्न सापेक्षता**

दुईओटै महानगर क्षेत्रका प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २ : १५ मिनेट समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार विधागत समय निर्धारण नगरि प्रश्नको दायाँ भागमा प्रश्न र अङ्कभार निर्देश गरिएको छ भने शीर्ष भागको बायाँतर्फ एकमुष्ट समय निर्धारण गरिएको छ । दुईओटै महानगर क्षेत्रको प्रश्नपत्रहरूमा समय र अङ्कभार समान रूपले उल्लेख गरिएकोले तुलनात्मक रूपमा एकरूपता रहेको पाइयो ।

# अध्याय सात

# निष्कर्ष र उपादेयता

## निष्कर्ष

'कक्षा आठको वार्षिक परीक्षा २०७५ मा उपयोग गरिएका प्रश्नपत्रको अध्ययन' शीर्षकको शोधकार्य सम्पन्न गर्नका लागि काठमाडौँ र पोखरा महानगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रलाई लिई प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ । यसका लागि प्रश्न विश्लेषणका सैद्धान्तिक आधारअन्तर्गत बाह्य र आन्तरिक विशेषताका आधारमा विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका लागि बाह्य र आन्तरिक विशेषता तथा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरूको विश्लेषण गरी निम्न बमोजिम निष्कर्ष निकालिएको छ :

- दुईओटै महानगर क्षेत्रका प्रतिनिधि प्रश्नपत्रको शीर्ष भागमा आधारभूत तह परीक्षा २०७५ भनी उल्लेख गरिएको छ ।
- दुवै प्रतिनिधि प्रश्नपत्रमा समय, पूर्णाङ्क स्पष्ट उल्लेख गरिएको छ, तर कक्षा, विषय र उत्तीर्णाङ्क भने उल्लेख गरिएको छैन । प्रतिनिधि प्रश्नमा कक्षा, विषय र उत्तीर्णाङ्क पनि उल्लेख गर्नुपर्ने देखिन्छ ।
- दुवै महानगर क्षेत्रको प्रश्नपत्रमा शीर्ष भागअन्तर्गत प्रश्न निर्देशनमा तलका सबै प्रश्नहरूको उत्तर लेख्नुहोस् भनिएको छ । उक्त निर्देशनलाई गाढा गरिएको छ ।
- दुवै प्रतिनिधि प्रश्नको प्र. नं. ११ मा तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् भनिएको छ, तर कस्ता चारओटा बुँदा टिप्ने भनी स्पष्ट निर्देशन दिइएको छैन ।
- प्रतिनिधि प्रश्नपत्रमा पृष्ठ निर्देशन गरिएको छैन र पृष्ठको अन्तमा सामाप्त भनी उल्लेख गरिएको छैन । त्यसैले प्रश्न निर्माण गर्दा प्रत्येक प्रश्नपत्रमा पृष्ठ निर्देशन दिन आवश्यक देखिन्छ ।
- लामो उत्तर दिने प्रश्नलाई बढी अङ्क तथा छोटो उत्तर दिने प्रश्नलाई कम अङ्क निर्धारण गरेको हुँदा अङ्क विभाजनका दृष्टिले उपयुक्त मानिन्छ । तर लामो प्रश्न

र छोटो प्रश्न लेखनका लागि समय कति लाग्ने भन्ने कुरामा विद्यार्थी अन्योलमा पर्ने भएकाले प्रत्येक प्रश्नको लागि समय निर्देश गर्नु उचित देखिन्छ ।

- पाठ्यक्रम अनुरूपताका आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्रलाई समेटी प्रश्नपत्रहरू निर्माण गरिनुका साथै प्रत्येक प्रश्नको छुट्टाछुट्टै अङ्कभार राखिएकोले प्रश्नपत्र उपयुक्त नै छन् ।
- प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरू क्रमश : शब्दभण्डार, हिज्जे, व्याकरण, बोध, बुँदाटिपोट र सारांश लेखन, निर्देशित रचना, पाठगत बोध, तार्किक शील्प, विवेचनात्मक प्रश्न र स्वतन्त्र रचना राखिएका छन् जुन प्रस्तुति अनुक्रम उपयुक्त छ ।
- प्रश्नपत्रको स्वरूपका आधारमा प्रतिनिधि प्रश्नपत्रको दायाँ र बायाँतर्फ आधा इन्च मात्र किनारा छोडिएको छ भने शीर र पुच्छारतिर १ इन्चभन्दा पनि बढी किनारा छोडिएकाले उपयुक्त छैन ।
- प्रश्नपत्रको भाषामा वर्णविन्यासगत केही त्रुटीहरू भए तापनि प्रश्नपत्रको आन्तरिक पक्षलाई भाषाले असर नगरेको हुँदा उपयुक्त नै छ ।
- प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिपका लागि ३३ %, लेखाइ सिपका लागि २८ %, व्याकरण सिप परीक्षणका लागि २० %, शब्दभण्डार क्षमताका लागि १३ % र हिज्जेका लागि ५ % पाठ्यभार भएका प्रश्नहरू समावेश गरिनुले भाषिक पक्षको संयोजन र सन्तुलन उपयुक्त रहको पाइन्छ ।
- दुवै महानगर क्षेत्रको प्रश्नपत्रको प्र. नं. २ मा काठमाडौँ महानगर क्षेत्रको प्रश्नपत्रमा अनेकार्थी शब्दबाट २ ओटा प्रश्न दिइएको छ भने पोखरा महानगर क्षेत्रको प्रश्नपत्रमा पर्यायवाची शब्दबाट २ ओटा प्रश्न सोधिएकाले विशिष्टीकरण तालिकाअनुरूप नै छ ।
- विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्रमा समावेश प्रत्येक प्रश्नका लागि अङ्कभारका आधारमा छुट्टाछुट्टै समय निर्धारण गर्न भनिएको छ, तर प्रतिनिधि प्रश्नमा यस्तो नगरी एकमुष्ट रूपमा समय उल्लेख गरिनुले प्रश्नपत्रको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको छ ।

- प्रश्न नं. ४ मा अनुकरणात्मक शब्द १, पारिभाषिक/ प्राविधिक शब्द १, उखान टुक्का १ समेत पर्ने गरी ४ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने भनिएकोमा पोखरा महानगर क्षेत्रको प्रश्नमा निपात शब्दलाई समेत राखिएकाले विशिष्टीकरण तालिकाअनुसार देखिदैंन ।
- समग्रमा दुबै महानगर क्षेत्रका प्रश्नपत्रलाई आन्तरिक र बाह्य विशेषताका आधारमा तुलनात्मक अध्ययन गर्दा उपर्युक्त माथि उल्लेखित केही भिन्नता बाहेक प्राय सबै प्रश्नहरूमा एकरूपता रहेको देखिन्छ ।

**उपादेयता**

प्रस्तुत शोधबाट कुनकुन व्यक्ति वा समुह लाभान्वित हुन्छन् भन्ने कुरा उपादेयतामा आउने गर्छ । प्रस्तुत अध्ययनबाट निस्किएको निष्कर्ष र सुझावलाई क - कस्ले के कसरी प्रयोगमा ल्याउछ भन्ने कुरा यसको उपादेयताभित्र पर्छ । प्रस्तुत शोधपत्र विभिन्न क्षेत्रमा उपयोगी हुन सक्छ । यसको समग्र उपयोगिता नै निम्नानुसार नै प्रस्तुत गर्न सकिन्छ ।

- प्रश्न निर्माणका आन्तरिक र बाह्य आधार निर्माण गर्न,
- पाठ्यक्रमको उद्देश्यअनुरूप प्रश्न निर्माण गर्न,
- विश्वसनीय, वैध र त्रुटिरहित एकिकृत रूपमा भाषिक सिपको परीक्षण गर्नु मूल्याङ्कनका साधन तयार गर्न,
- भाषा पाठ्यक्रममा समावेश विधा र क्षेत्रबाट विषयवस्तुको छनोट गर्न,
- भाषिक सिप परीक्षणका लागि उपयुक्त मूल्याङ्कनका साधन र प्रक्रियाको निर्धारण गर्न,
- प्रश्नपत्रसँग सम्बन्धित भावि शोध गर्न चाहाने शोधार्थीका लागि आधार प्रदान गर्न,
- भाषिक प्रश्न निर्माण र विश्लेषण गर्नेहरूका लागि आधार प्रदान गर्न,
- समग्रमा भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाका आधारमा के कसरी प्रश्नपत्र निर्माण गर्ने भनी आधार गर्न आदि ।

# सन्दर्भसूची


आचार्य, पदमराज (२०७६/०७७), *माध्यमिक तह अध्यापन अनुमतिपत्र दिग्दर्शन,* काठमाडौँ, पैरवी प्रकाशन ।

ओझा, बिस्ना कुमारी (२०७५), *कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएकाप्रश्नहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

उप्रेती, मदनकुमार (२०६८), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६६ मा प्रयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धत्ति,* काठमाडौँ, सनलाइट प्रकाशन ।

खनाल, पेशल र अन्य (२०७५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ सनलाइट पब्लिकेसन ।

घिमिरे, दिनेश र निउरे, ध्रुव प्रसाद (२०७०), *भाषिक अनुसान्धान विधि,* काठमाडौँ, सनसाइन पब्लिकेसन

घिमिरे,जनार्दन र अन्य (२०७१), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ, सनलाइट पब्लिकेसन ।

जैसी, भूमि प्रसाद (२०७३), *सेती अञ्चलका कक्षा आठको जिल्ला स्तरीय परीक्षाका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, निर्मला कुमारी (२०७५), *माध्यमिक शिक्षा परीक्षा २०७४ मा सोधिएका प्रश्नपत्रको* अध्ययन, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, माधव प्रसाद र अन्य (२०६५), *शिक्षाका आधारहरू,*काठमाडौँ,रत्नपुस्तकभण्डार ।

थापा, जमुना (२०६८), *उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका पुराना र नयाँ पाठ्यक्रमअनुसार निर्माण गरिएका प्रश्न पत्रहरूको तुलनात्मक र विश्लेषणात्मकअध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, विमला (२०७२), *स्नातक तह अनिवार्य विषयका पुराना र नयाँ प्रश्नहरूकोतुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०५२), *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षाआठको नेपाली भाषा विषयक प्रश्नहरूको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पराजुली, तीर्थराज र अन्य (२०६६), *शिक्षामा मापन तथा मूल्याङ्कन,*काठमाडौँ, सनलाइट पब्लिकेसन ।

पौडेल, माधव प्रसाद (२०७०), *भाषिक परीक्षण,* काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक परीक्षण,* काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा.लि. ।

पोखरेल, नेत्रमणि (२०७३), *कक्षा नौको वार्षिक परीक्षा २०७३ सामुदायिक तथा संस्थागतविद्यालयमा उपयोग गरिएका प्रश्नपत्रको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८),*भाषिक अनुसन्धान विधि,*काठमाडौँ;शुभकामनाप्रकाशनप्रा.लि. ।

भुसाल, केशव र अन्य (२०७६), *नेपाली अध्यापन अनुमतिपत्र परीक्षा दिव्यदर्शन,*काठमाडौँ; ड्रिम पब्लिकेसन ।

राई, उर्मिला (२०७२),*ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूकोबुँदाटिपोट क्षमताको अध्ययन,*स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ; विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, कमलप्रसाद (२०७४), *माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको तुलनात्मक अध्ययन,*स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, छुनु (२०६७), *एस.एल.सी. पूर्व योग्यता परीक्षा २०६८ मा निजी तथा सरकारी विद्यालयहरूले प्रयोग गरेका नेपाली विषयको प्रश्नहरूको तुलनात्मक अध्ययन,*स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शाह, पुष्पा (२०६५), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।